# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



भारतस्थित बुद्धगया म[illegible]न्दिरको बुद्धमूर्ति

वर्ष-२६, अङ्क-२
बि.सं. २०६५, स्वाँया पुन्ही

Dharma.Digital






Your visit to one of the world's oldest renowned religious relics–the Lumbini Garden is greatly anticipated by the HOTEL LUMBINI GARDEN NEW CRYSTAL. Situated just opposite the entrance to the sacred Garden of Lumbini and 5 minutes walking distance from the restored Mayadevi Temple, which marks the birthplace of the apostle of peace–the Lord Buddha.

Hotel Lumbini Garden New Crystal, one of the modern property of the vicinity in the palpable tranquility and the spiritual serenity of Lumbini, captured in the Hotel environment and the refined hospitality and outstanding facilities make it a bewildering combination.

H·O·T·E·L
Lumbini Garden
NEW CRYSTAL PVT. LTD.

Buddha Nagar, Mahilwar, Lumbini, Nepal
Phone: (071) 622155, 580145, Fax: +977-71-580045
Email: lumcrystal@ntc.net.np



# POKHARA : the valley of joy

Enrich your Pokhara experience by being at NEW HOTEL CRYSTAL, located midway between town and the famed Fewa lake and close proximity to the airport. Our trained staffs enjoy serving that ascertain as one of the pioneer hotel in the region. Later, when you take a trek, go hiking or visit Lumbini or air dash to another destination, the memories of Valley of Joy will linger.

New hotel Crystal
POKHARA (PVT.) LTD.

Nagdhunga, P.O. Box 234, Pokhara, Nepal.
Tel: (061) 520035, 520036 Fax: +977-61-520234
E-mail: newcrystal@ntc.net.np

*प्रमुख व्यवस्थापक*
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
ध्रुवरत्न स्थापित

*सम्पादक*
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

*प्रकाशक र विशेष सल्लाहकार*
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५२
नेपाल सम्वत् ११२८
इस्वी सम्वत् २००८
बिक्रम सम्वत् २०६५

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**

**2552th BAISAKH FULL MOON DAY**

**20th MAY 2008**

| वर्ष- २६ | अङ्क- २ | स्वाँया पुन्ही | ज्येष्ठ २०६५ |
|---|---|---|---|





जीर्ण भएर जाने यो शरीर, रोगको घर हो यो शरीर, कुहिएर भग्न भएर जानेछ यो शरीर, आखिर एकदिन हामी सबैले मरणलाई स्वीकारी अन्त्य हुनुपर्नेछ ।

हिंसा गर्ने व्यक्तिलाई आर्य भनिन्दैन । कसैलाई पनि हिंसा नगर्ने व्यक्तिलाई मात्र आर्य भनिन्छ ।

भाषण गर्न सिपालु हुँदैमा पण्डित बनिने होइन । जुन व्यक्तिसंग क्षमा गर्ने, शील पालन गर्ने, कसैसंग शत्रुभाव नराख्ने र भयरहित जीवन बिताउने बानी रहेको हुन्छ, त्यही व्यक्तिसंग मात्र पण्डित बन्ने क्षमता लुकेको हुन्छ ।

इर्ष्यालु र छलकपटी स्वभाव भएको व्यक्ति वक्ता हुँदैमा र सुन्दर अनुहार हुँदैमा त्यस व्यक्तिलाई सुन्दर व्यक्ति भन्न मिल्दैन ।

■ सम्पादकीय ■

# २५५२ औं बैशाख पूर्णिमाको शुभकामना !

हरेक वर्षका १२ वटा पूर्णिमाहरू मध्ये बैशाख पूर्णिमालाई हामीले विशेष पूर्णिमाको रूपमा मनाउने गर्छौं। किनभने यही दिन लुम्बिनीको शाल वनमा भगवान् बुद्ध बन्नुहुने शिद्धार्थ कुमारको जन्म भएको थियो। सोही दिन उक्त बालक ३५ वर्षको जवानीमा पुगेपछि सांसारिक दुःखबाट मुक्त हुनसक्ने अमूल्य ज्ञानलाई अनुसन्धान गरी पत्ता लगाउन सफल भएका थिए। त्यसपछि उहाँ संसारको भगवान बुद्धको रूपमा पूजनिय हुनुभएका थिए। यसका साथै यही बैशाख पूर्णिमाकै दिन मल्ल राजाहरूको शालवन कुशीनगरमा भगवान् बुद्धले आफ्नो वृद्ध शरीरलाई ८० वर्षको उमेरमा त्याग गर्नुभई महापरिनिर्वाण हुनुभएको थियो। बुद्ध जीवनीका यी ३ महत्त्वपूर्ण घटनाहरू बैशाख पूर्णिमाकै दिन घट्न पुगेको त्रिसंयोगको दिनको रूपमा परिचित रहेको छ।

तर बुद्ध जीवनी अध्ययन गर्दै लाँदा अन्य दुई घटनाहरू पनि बैशाख पूर्णिमाकै दिन घटेको देखिन्छ। ती यसरी रहेका छन्–

शाक्यमुनि बुद्ध बन्नुहुने व्यक्ति ४ असंख्य र १ लाख कल्प अगाडि सुमेध ऋषिको रूपमा जन्म लिइरहनुभएको अवस्थामा दीपंकर बुद्धले उहाँको सक्षमता र पारमितालाई अध्ययन गर्नुभई भविष्यमा (४ असंख्य र १ लाख कल्प पछि) शाक्यमुनि बुद्धको रूपमा यस लोकमा चीरपरिचित हुनसक्ने भवष्यिवाणी गर्नुभएको दिन पनि बैशाख पूर्णिमाकै दिन थियो रे। यसको साथै सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा गृहत्याग गर्नुभई ३५ वर्षमा बुद्धगयामा बुद्धत्त्व प्राप्त गरिसक्नु भएपछि भिक्षुसंघ समूहका साथ प्रथम पटक कपिलवस्तुमा प्रवेश गर्नुभएको दिन पनि बैशाख पूर्णिमाकै दिन थियो रे। यसरी बुद्ध पूर्णिमाको दिनसंग बुद्धको जीवनीमा ५ वटा महत्त्वपूर्ण घटनाहरूको संयोग जुरेको कुरा उल्लेख गरिएका छन्।

तर जेहोस् बैशाख पूर्णिमाको संयोग जुरेको दिनले भन्दा पनि बुद्धको आदर्शमय गुणहरूले हाम्रो दैनिक व्यवहार हरूमा प्रभाव पार्नु उत्तम हुनेछ। अर्को शब्दमा भन्ने हो भने हामीले आफूलाई बुद्ध गुणानुस्मरणमा मात्र सीमित नराखी उहाँका ती अमूल्य गुणहरूलाई हाम्रा आ-आफ्ना बानी व्यवहारमा प्रयोग गरी आफूलाई परिशुद्ध पार्नु उत्तम हुनेछ। बुद्ध जस्तै पवित्र हृदयले युक्त व्यक्ति बन्न नसकेसम्म हामी उहाँ जस्तै भाग्यमानी बन्ने कल्पना गर्नुनै व्यर्थ हुनेछ। किनभने प्रकृतिको नियम अनुसार आफ्नो चित्तवृत्ति वा मनोवृत्तिले रोपेको बीऊबाट फलेको फलमात्र हामीले चाख्न पाउने छौं। यहाँ धुर्त्याँई र छलकपटी बानीले केही फरक पार्न सक्ने छैन। प्रकृतिको नियम विरुद्ध हामी जान सक्ने छैनौं।

त्यसैले हामीले बुद्धको गुणगान गरी बुद्ध पूर्णिमा मनाउनुमा मात्र सीमित नरही बुद्ध शिक्षानुसार आ-आफ्नो मनभित्र रहेका लोभ, क्रोध र मोह रूपी शत्रुहरूलाई फाल्नु परेको छ। जबसम्म हामी यी भित्री शत्रुका नोकर बनिरहने छौं, तबसम्म हामीलाई चक्रवर्ती राजाको पदवी नै प्राप्त भएपनि हामी पराजित नै हुनेछौं। त्यसैले हामीले हाम्रा बाहिरी शत्रुलाई होइन मनभित्र लुकेर बसेका कलुषित भावनारूपी शत्रुलाई जिती आफ्नो मनलाई सर्वप्रथम पवित्र पार्नु परेको छ।

बाह्य शत्रुलाई जित्नुनै छ भने हातहतियार, डण्डा, बन्दुक र पेस्तोलको आधार लिई धुर्त्याँई र छलकपटी पूर्ण व्यवहार प्रयोग गरी हिंसा, हत्या जस्ता जघन्य अपराध गरेर होइन, पवित्र मनको मैत्री, करूणायुक्त व्यवहारले जित्न सकेमा मात्र प्रभावकारी जीत हुनेछ। किनभने हाम्रा पवित्र मनको मैत्री र करूणायुक्त व्यवहारले पराजित भइसकेका ती बाह्य शत्रुहरूमा हामीलाई फेरि एकपटक पराजित गर्ने चेतना नै सेलाउने रहेछ। यसरी यहाँ स्थायी जीतको अवस्था खडा हुनेछ।

जसरी एक ममतामयी माताले आफ्ना जिद्दीवाल मूर्ख एवं बदमास सन्तानलाई उसको नराम्रो संगत छुटाई राम्रो संगत र ठीक बाटोतर्फ दोर्‍याउनका लागि मैत्रीपूर्ण क्रोध प्रकट गरी कठोरतापूर्ण व्यवहार प्रयोग गरिरहेकी हुन्छिन्, त्यसरी नै लातको भूत बातले नमान्ने खालका मूर्ख एवम् स्वार्थी व्यक्तिहरू हाम्रा सामू आइपर्दा हामीले पनि यसरी नै कठोर व्यवहार प्रयोग गर्नुपर्ने त हुन्छ नै। तर उक्त अवस्थामा आफ्नो मनमा उक्त व्यक्ति प्रति दुःख दिने र बदला लिने चेतना होइन उसको भलाई र हीत गर्ने उद्देश्य बोकी मैत्री, करूणा, मुदिता र उपेक्षा रूपी चर्तुब्रह्म विहार गुणलेयुक्त पवित्र व्यवहार प्रयोग गर्न सकौं।

यस्तै ठीक व्यवहार अपनाई हामी सबैले २५५२ औं बुद्ध पूर्णिमा मनाउन सकौं। 'धर्मकीर्ति'को यही शुभकामना रहेको छ।



Downloaded from http://www.dhamma.digital

# विषय-सूचि


| | | | |
|---|---|---|---|
| १. | बुद्ध वचन | - | १ |
| २. | सम्पादकीय – २५५२ औं बैशाख पूर्णिमाको शुभकामना ! | - | २ |
| ३. | वीतशोक साँच्चै वीतशोक भए | - कल्याण मित्र सत्यनारायण गोयन्का | ५ |
| ४. | संसारको रीत | - विजयलक्ष्मी शाक्य | ६ |
| ५. | विश्वासपात्र बन्न सक्नुपर्छ | - भिक्षु अश्वघोष महास्थविर | ७ |
| ६. | भगवान | - केशव शाक्य | ८ |
| ७. | शाक्य गणराज्य सिद्धार्थया जन्म | - अमृतमान शाक्य | ८ |
| ८. | घर–कलह शान्ति (एक महिलाद्वारा) | - भिक्षुणी धम्मवती | ९ |
| ९. | धम्मपद–२०९ | - रीना तुलाधर | ११ |
| १०. | स्वागत केवल उनीहरूलाई मात्र | - के.पी. घर्ति मगर | ११ |
| ११. | शिद्धार्थको जन्म | - प्रकाश वज्राचार्य | १२ |
| १२. | कर्मको विधान–राम्रो रोपे राम्रै फल्छ नराम्रो रोपे नराम्रै... ... | - डा. लामा | १४ |
| १३. | असल गुणका चार खम्बाहरू | - गुरु सिङ युन | १५ |
| १४. | नेपालमा बुद्धधर्म विकासका लागि चालिनुपर्ने कदमहरू-३ | - डा. लक्ष्मण शाक्य | १७ |
| १५. | मिलिन्द–प्रश्न–१२ | - अनु. आनन्द प्रधान | १८ |
| १६. | युवा वर्ग हो सचेत बनौं व्यक्तित सचेतना र नैतिकतानै ... ... | - शिशिल चित्रकार | १९ |
| १७. | बुद्ध जयन्तिको शुभ–कामना | - सरोज उदास | २० |
| १८. | आफू राम्रो भए सबै राम्रो हुनेछ | - वीर्यवती | २१ |
| १९. | बैशाख पुन्हीं हे मखुला ! | - राज शाक्य | २२ |
| २०. | बुद्ध धर्ममा नारी पुरुष बीच समानता | - इन्दावती गुरुमां | २३ |
| २१. | विपश्यना: एक परिचय | - अरणीतारा वज्राचार्य | २५ |
| २२. | भिन्तुना ! भिन्तुना !! भिन्तुना !!! | - घोषक शाक्य 'प्रदीप' | २७ |
| २३. | शान्तिका महानायक तथागत गौतम बुद्ध | - कृष्णकुमार प्रजापति | २८ |
| २४. | देव, मानव र दानव | - नरेन्द्रनाथ भट्टराई | ३० |
| २५. | योग अभ्यास विधि – भाग ३७ | - डा. गोपाल प्रधान | ३१ |
| २६. | अनुभव– सातदिने अल्पकालिन ऋषिणी प्रव्रज्या | - सुविधा तुलाधर | ३२ |
| २७. | बुद्धको देश सुन्दर शान्त | - शिशिर अकेला | ३२ |
| २८. | मैत्रीकेन्द्र बाल आश्रमलाई सहयोग | - | ३२ |
| २९. | 'धर्मकीर्ति शिक्षा सदन' एक परिचय | - लोचनतारा तुलाधर | ३३ |
| ३०. | बर्माको वृद्धाश्रम: एक झलक | - श्रीमती इन्दिरा मानन्धर | ३६ |
| ३१. | अनुभव – चारधाम वनाबलेया–४ | - ज्ञानकाजी शाक्य | ३८ |
| ३२. | झी मनूतयगु खुपु हा | - अमृत लक्ष्मी | ३९ |
| 33. | An Outlook of the Theravadins | - Dr Siyaram Mishra Haldhar | 41 |
| 34. | Was Buddha an Incarnation of God ? | - K. Shri Dhammananda | 43 |
| 35. | Smile Of The Two Monks | - Ven. Mahasi Sayadaw | 44 |
| 36. | The Dhyana Yoga In The Religion Of The Buddha | - Anagarika Dharmapala | 45 |
| ३७. | धर्मकीर्ति पत्रिकाको वर्ष २५ अङ्क १–१२ सम्मको सदस्यहरू | - | ४६ |
| 38. | Beloved Daughter of Nepal .... .... | - Richard Pall U. | 47 |
| 39. | The Schools of Buddhism | - Suwarna Sakya | 49 |
| ४०. | धर्मकीर्ति–गतिविधि | - | ५१ |
| ४१. | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक कार्यक्रम–२०६५ | - | ५२ |
| ४२. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरूको नामावली | - | ५३ |
| ४३. | धर्म प्रचार–समाचार | - | ५४ |




Downloaded from http://www.dhamma.digital

# वीतशोक साँच्चै वीतशोक भए



सत्यनारायण गोयन्का

भगवान् बुद्धको लगभग दुईसय बर्ष पश्चात् भारतमा सम्राट अशोक राजा भए । उनका धेरै भाईहरू मध्ये वीतशोक नामको एकजना भाई पनि थिए । राजपुत्रहरूलाई सिकाइने निश्चित विद्यामा वीतशोक पनि निपुण थिए । पारंगत थिए । आफ्नो दाजुको रेखदेखमा उनले पनि राजकाजका जिम्मेवारी लिएका थिए । पछि अशोक बदल्यो । सबैको कल्याणकारी हुने शुद्ध धर्मको सम्पर्कमा आए र चण्डाशोक धर्माशोकमा परिणत भए । त्यसबेलाका धर्माचार्यहरूको निर्देशन अनुसार भगवानको मंगलमयी धर्मोपदेश र साधनामार्गको प्रतिपादन गरेर सम्राट अशोकले अपूर्व शान्ति अनुभव गरे । उनको मनमा आफ्नो प्रजाको प्रति वात्सल्य प्रेम जाग्यो । राज्यको आम्दानी प्रजाको सुरक्षाका साथ-साथै उनीहरूको सुख-सुबिधामा खर्च गर्न थाल्यो । सडकहरू बनाए, त्यसको किनारामा फलफूलका बोट र छाँया दिने रुख रोपे । ठाउँ-ठाउँमा पानी खानको लागि द्रोणीहरू बनाए । ठाउँ-ठाउँमा धर्मशाला बनाए । मनुष्य तथा पशुहरूका लागि औषधालय बनाए । त्यस भन्दा पनि मानिसहरूलाई शुद्ध धर्मको सैद्धान्तिक र व्यावहारिक शिक्षा प्रदान गर्नको लागि राज्यको तर्फबाट धर्ममन्त्री नियुक्त गरे । विभिन्न स्थलमा प्रस्तरका शिला र स्तम्भ बनाई शुद्ध धर्मको वाणी कुँडाए ता कि राज्यका शासनाधिकारी तथा प्रजा गण यसलाई पढेर सद्धर्म प्रति उत्साहित हुन सकुन् । ठाउँ-ठाउँमा बिहार तथा स्तूपहरूको निर्माण गर्न लगाए ता कि मानिसहरू चित्त बिशुद्धिको कार्य गर्न सकुन् ।

मानिसहरूमा धर्मभावना बढिरहेको थियो । राज परिवारका सदस्यहरूमा पनि धर्मको प्रभाव परिरहेको थियो । सबै जना नभए पनि केहीले धर्मको रस चाखेका थिए । उनले आफ्नो दरवारको लागि विशेष धर्म आचार्यको नियुक्ति गरेका थिए ।

सम्राट अशोकका भाई वीतशोक पुण्यशाली व्यक्ति थिए । उसलाई पनि धर्मले प्रभावित पाऱ्यो । भगवानको वाणीमा उसले पनि शान्ति र निर्मलताको सन्देश पाए । गृहस्थ भएर पनि भिक्षु गिरिदत्तको साथमा बसेर सारा सुत्तपिटक अध्ययन गर्ने मौका पाए । हृदय छुने यस मंगलमयवाणी पढेपछि राजकुमार वीतशोक एकदम प्रभावित भए । कल्पना र अन्धमान्यताका जंजाल स्वत: दूर हुन थाल्यो । सत्यको प्रकाशले अज्ञानको अन्धकार स्वत: हट्न थाल्यो । प्रतीत्य-समुत्पादमा आधारित भव-प्रवाह खुलस्ट देखिन थाल्यो । चित्त र चित्तको चेतना तथा भौतिक शरीरको प्रत्यक क्षण परिवर्तन भइरहने संततिले कसरी एक अर्कोलाई प्रभावित गर्छ ? र यसलाई हेरेर कसरी अवधारा बाट मुक्तहुन सकिन्छ ? यो पनि स्पष्ट हुन थाल्यो । यो भव-प्रवाह दु:ख नै छ र यसको मूल कारण तृष्णा हो, यसबाट नै भवको समुदय हुन्छ । यसको निवारण भएमा भव-प्रवाह स्वत: निवारण हुन्छ । यस विद्याको लागि स्पष्ट तर स्वयं परिश्रम गर्नु पर्ने विधी सिकाउनु भएको छ । यसको अभ्यासले नै कोही व्यक्ति दु:ख निरोधको परम अवस्था प्राप्त गर्न सक्छ । सुत्त पिटकको सारा अध्ययन पूरा गराएर आचार्य भिक्षु गिरिदत्त स्थविरले वीतशोकलाई अभिधम्म पिटकको गम्भिर शिक्षा पनि पढायो ।

यी दुवै परियत्ति शिक्षाका साथ-साथै आचार्य गिरिदत्तले आफ्नो शिष्यलाई प्रतिपत्तिको शिक्षा पनि दिलाए । आफूले अध्ययन गरेको, सुनेको शिक्षा वितशोकले जब आफ्नो अनुभवमा दर्शन गर्न पायो, तब त्यस विद्या प्रति झन प्रभावित हुन थाल्यो । राजकुमार वीतशोक आफ्नो परिवार तथा राजकाजको जिम्मेवारी निर्वाह गर्दै एक आदर्श गृहस्थ जीवन यापन गर्न थाल्यो ।

समय वित्दैगयो । एक दिनको कुरा हो, सँधै झैं कपाल काट्नको लागि हजाम आए र उसले टाउकोको कपाल काटे, दाढी जुँगा खौरिदिए । सबै सफा गरेपछि हजामले सँधै झैं काटेको मिल्यो कि मिलेन हेर्न वीतशोकको हातमा ऐना राखिदिए । वितशोकले ऐनामा आफ्नो मुंहार हेरे, कपाल काटेको हेरे । उनले आफ्नो टाउकोमा एक दुईवटा केश फुलेको देखे, मुहारमा पनि केही चाउरी परेको जस्तो देखे, यी दुबैले शरीरको

जीर्ण अवस्थाको संकेत दिइरहेको थियो ।

यो घटनाले वीतशोकको मनमा धर्म संवेग जाग्यो अनेक पटक जन्मे झैं यो जन्म पनि विना केही काम त्यसै बित्न लाग्यो । मानवको अनमोल जन्म प्राप्त भयो । यस्तो मुक्तिदायिनी धर्म-साधना प्राप्त भएको छ । यसबाट लाभ उठाउनु पर्छ । थाहा छैन मृत्यु कहिले टुप्लुक्क आइपुग्छ ।

यस्तो धर्म चेतना मनमा जाग्यो र धर्मसाधनामा तल्लीनताकासाथ लागे । उनले स्रोतापन्न अवस्था प्राप्त गरे । जब शरीर र मनको पर, इन्द्रियातीत अवस्थाको ज्ञान भयो तब धर्म संवेग झन तीव्र हुन थाल्यो । यस मानव जीवन र मुक्ति दायीनी विद्याको पूरा पूरा लाभ उठाउन चाहे । अत: उनले गृहस्थ जीवनलाई त्यागे, राजमहलको मिथ्या प्रलोभनलाई त्यागेर चीवर धारण गरे, भिक्षु भए । गुरु गिरिदत्तको निर्देशन अनुसार साधना अभ्यासमा लागे । सूक्ष्म सत्य दर्शनको अभ्यास गर्दा गर्दै वीतराग, वीतद्वेष, वीतमोह भए र सही अर्थमा वीतशोक भए । मानव जीवनको परम लक्ष्य प्राप्त गरे; मुक्त भए; उनको मुखबाट स्वत: उदानका व्याक्य प्रस्फुटन भयो । जुन यस प्रकार छन्- "केश काट्न हजाम म कहाँ आए । उसंग ऐना लिएर मैले आफ्नो शरीरको प्रत्यवेक्षण गरें तब ममा विपश्यनाको अर्न्तदृष्टि जाग्यो ।

**तुच्छो कायो अदिस्सित्थ** - जरा, मरण र क्षण-क्षण परिवर्तन हुने यस निस्सार, तुच्छ शरीरको कायानुपश्यनाको साधनाले स्वयं प्रत्यक्ष दर्शन गरें ।

**अंधकारे तमो व्यगा** - अविद्याको सारा अंधकार विदीर्ण भयो ।

**सब्बे चोला समुच्छिन्ना** - भव संस्कारका सारा पर्दा उघ्रीयो । परम सत्यको अनावरण भयो ।

**नत्थिदानी पुनब्भवो** - अब मेरो लागि पूनर्जन्म छैन । पूनर्जन्म हुने कारणका समस्त संस्कार छूट्यो ।

फुलेको सेतो कपालको दर्शनले साधकलाई सत्य दर्शन गर्ने प्रेरणा दियो । एक भाग्यशाली सम्राट अशोकलाई शुद्ध धर्म प्राप्त भयो र सारा देशले सद्धर्म प्राप्त गरे । देशका अनेकौं व्यक्तिहरूले सुख-शान्तिको सही मार्ग प्राप्त गरे ।

राज्य परिवारका एक दुई जना व्यक्ति अभाग्य रहे उनीहरू धर्म विमुख रहे । बाँकी सबै मंगलमार्गी भए । उनीहरू मध्ये अनेक जीवन मुक्त भए, ती मध्ये वीतशोक एक जना थियो । ■ *(साभार- 'विपश्यना' वर्ष-१७, अङ्क-१०)*

# संसारको रीत

■ **विजयलक्ष्मी शाक्य**

बैशाख पूर्णिमाको मंगलमय कामना
शुभकामना साथी शुभकामना
बुद्ध जयन्ति उत्सवको मंगलमय कामना,
आजको शुभ दिनमा यही शुभ कार्य गरौं न हामी
सुन्न जाऔं न हामी सबै बुद्धको शान्ति र शुभ सन्देश ।
आजको दिन जस्तो भोलि हुँदैनहुने,
भोलिको दिन पनि संधै रहँदै नरहने
आजको सुकर्म र कुकर्मको फल भोलि नआइ नछोड्ने
उही पूण्य र अपूण्यको कर्मफल पनि भोलि नै आउने
यही संसारको रीतलाई बुझ्न र सिक्न जाऔं न हामी
यही तितो र मिठो सत्यको सन्देश
मानवमात्रको निकटतम जीवन साथी हो हाम्रो,
यही सर्वकालिक, सर्वदेशिय यथार्थताको सन्देश
अनि अनित्यताको यथार्थ बोध गर्न सिकौं न हामी,
यही संसारको रीतलाई ... ...
सुखै सुखमा पनि स्थिरता नहुने,
दु:ख पनि त बिलाउँदै जाने नै होनी
यही नित्य नेरहने सुख र दु:खलाई बुझौं न हामी,
यही अनित्यतालाई समता भावले हेर्न सिकौं न हामी,
यही संसारको रीतलाई ... ...
सुखले मात्तिएर पञ्चशीलको प्रहाण गरी नहालौं न साथी,
दु:खमा पनि आत्तिएर नबिर्सौं पञ्चशील साथी,
समता र स्थिरता, उपेक्षा अनि करूणा, मैत्री, शान्तिको सन्देश
यही बुद्धको उपदेश लिई जीवन सार्थक पार्न सिकौं न हामी,
यही संसारको रीतलाई .... ...
यही छ हाम्रो हार्दिक मङ्गलमय कामना,
बुद्ध जयन्तिको हार्दिक मङ्गलमय कामना,
शुभकामना साथी ! शुभकामना !!

*"मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु, अथवा मन मुख्य भएर जतातत्तै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गऱ्यो भने बयलको पछि-पछि गाडाको पांग्रा आएझैं दु:ख पछि लागेर आउँछ ।*
*- धम्मपद*



Downloaded from http://www.dhamma.digital

# विश्वासपात्र बन्न सक्नुपर्छ



भिक्षु अश्वघोष

गौतम बुद्धले शान्तिका लागि चार गुणहरू आवश्यक छन् भन्नुभएको छ । यसलाई धम्मपद ग्रन्थमा यसरी उल्लेख गरेको छ–

**आरोग्या परमा लाभा, सन्तुट्ठि परमं धनं ।**
**विस्सासा परमा ञाति, निब्बानं परम सुखं ॥**

अर्थात्– निरोगी हुनु ठूलो लाभ हो, सन्तुष्ट रहनु ठूलो धन हो, विश्वास सबभन्दा ठूलो ज्ञाति बन्धु हो, निर्वाण ठूलो सुख हो ।

यसबाट बुद्धकालीन समयमा पनि जनमानसमा स्वास्थ्यसम्बन्धी राम्रो व्यवस्था नभएको, मानिसहरूमा सन्तोष नभएको अथवा आधारभूत कुराहरूको पर्याप्त व्यवस्था नभएको, मान्छे विश्वासको पात्र बन्न नसकेको र दुःखबाट मुक्त हुन नसकेको रहेछ भन्ने बुझिन्छ । यहां मानिस विश्वासपात्र बन्न सक्नुपर्ने बारेमा मात्र चर्चा गरिएको छ ।

गौतम बुद्धले पारवारिक जीवन सुखमय बनाउन परस्परमा विश्वासपात्र बन्न सक्नुपर्छ भन्नुभएको छ । जस्तैः आमाबाबु र छोराछोरीबीच विश्वासपात्र बनी परस्पर कर्त्तव्य पालन गर्नुपर्छ । आमाबाबुलाई पहिलो गुरू र संरक्षक सम्झी सेवा गर्नुपर्छ । माता मित्तं सकेघरे अथवा आफ्नो घरमा आमालाई विश्वसनीय साथी सम्झनुपर्छ भने पत्नीले पनि आफ्नो श्रीमान्‌को परम विश्वासपात्र बन्नुपर्छ, श्रीमान्‌ले कमाएको धनको रक्षा गर्नुपर्छ । घरको काम गर्दा आलस्य गर्नुहुँदैन । श्रीमान्‌ले पनि आफ्नी श्रीमतीलाई सम्मान गर्नुपर्छ । आफ्नो शक्तिअनुसार इमान्दारीपूर्वक कमाएको धन, दौलतबाट आफ्नी श्रीमतीलाई सन्तुष्ट राख्नुपर्छ ।

त्यस्तै साथीहरू र ज्ञातिबन्धुहरूबीच पनि विश्वासपात्र बन्नुपर्ने कुरा बुद्धले भन्नुभएको छ । त्यसको लागि मानिस असल हुनु आवश्यक छ । अर्को भाषामा भन्ने हो भने मानिसले इमान्दारीपूर्वक काम गर्न सक्नुपर्‍यो । चरित्र र आचरण राम्रो हुनुपर्‍यो, मन शुद्ध हुनुपर्‍यो ।

हुन त बुद्धको विचारअनुसार मानिसलाई आधारभूत आवश्यकता (गांस, बास, कपास, औषधिउपचार आदि) को पूर्ति हुनु अति आवश्यंक छ, अन्यथा चाहेर पनि मान्छेको नैतिक जीवन र आचरण शुद्ध हुन सक्दैन । आध्यात्मिक उन्नतिको भौतिक सम्पत्तिसंग घनिष्ट सम्बन्ध रहन्छ । २५ सय वर्ष पुरानो भए पनि बुद्धको यो विचार अहिले पनि उत्तिकै सान्दर्भिक छ ।

फेरि एकपल्ट यहाँ विश्वासको कुरा गरौं । हिजोआज परिवार-परिवारबीच, संघ संस्थाबीच, राजनैतिक पार्टीहरूबीच, सरकार र राजनीतिक पार्टीहरूबीच अविश्वास व्याप्त छ । बुद्धको विचारअनुसार यसको मुख्य कारण सम्यक्‌दृष्टि अर्थात् सही समझदारी र सही सोचाइको कमी हो । विवेकबुद्धिको अभाव हो । एक ठाउँमा बुद्धले भन्नुभएको छ–

**न परेसं विलोमानि, न परेसं कता कतं ।**
**अत्तनो'व अवेक्खेय्य, कतानि अकतानि च ॥**

अर्थात्– अर्काको दोष र आफूले के गर्‍यो के गरेन भनी हेर्नुभन्दा आफ्नो दोष र आफूले के गरें के गरिनं भनि हेर्नु नै बेस छ ।

आजको समस्याको कारण नै अर्काको दोषमात्र हेर्नु हो । बुद्ध भन्नुहुन्छ, अर्काले नराम्रो काम गरेको देख्दा त्यस्तो गल्ती आफूले गरेको छ कि छैन भनी हेर्नु जाति छ । दोष र गल्ती कोसंग छैन र ? गल्ती नगर्ने मान्छे खोजन सजिलो छैन । त्यसैले आजको आवश्यकता भन्नु नै समस्या हल गर्नतिर लाग्नु हो । तर समस्या हल गर्नतिर नलागी दोष मात्र खोज्ने विरोध मात्र गर्ने पार्टीहरूको काम भएको छ जस्तो लाग्छ । राजनीतिक पार्टीहरूले आफू सत्तामा बस्दा कसरी राज्य संचालन गरेको थियो, त्यो सबै बिर्सिएर विरोध मात्र गरिरहने हो भने त्यसले सरकारलाई भन्दा जनतालाई नै सास्ति हुन्छ । राजनीतिक पार्टीप्रति जनताको विश्वास हट्न सक्छ ।

बुद्ध भन्नुहुन्छ - विरोध त गर्नुपर्छ । आलोचना पनि गर्नुपर्छ तर रचनात्मक हुनुपर्छ, ध्वंसात्मक होइन । विरोध नगरे मान्छे स्वेच्छाचारी र छाडा बन्न सक्छ ।

नत्थि लोके अनिन्दितो अर्थात् संसारमा निन्दाबाट बच्ने मानिस कोही छैनन् । बुद्ध स्वयं पनि निन्दाबाट बच्नुभएन । सबैलाई चित्त बुझाउन सजिलो छैन । त्यसैले उहाँ भन्नुहुन्छ, बहुजन हिताय, बहुजन सुखाय अर्थात् बहुसंख्यकलाई हित हुने गरी काम गर्नु । सर्वजन हिताय,

सर्वजन सुखाय भनी बुद्धले भन्नुभएन। सर्वजन शब्द राम्रो भए पनि अव्यवहारिक छ, सजिलो छैन।

बुद्ध भन्नुहुन्छ, कुरा धेरै नगर्नु, काम धेरै गर्नु। यही नै हो विश्वासपात्र बन्ने तरिका। विश्वासपात्र बन्नुपर्ने बारे बुद्धकालीन एक घटना प्रस्तुत गर्न चाहन्छु।

एक दिन गौतम बुद्ध सार्वजनिक सडक छेउमा एक रूखमुनि बसी धर्मको कथा भनिरहनुभएको थियो। सो अवसरमा बुद्धले भन्नुभयो, प्रत्येक व्यक्तिले इमान्दारीपूर्वक कर्त्तव्य पालन गर्नुपर्छ। विश्वासपात्र बन्न सके शान्तपूर्वक बाँच्न सकिन्छ र जीवन उज्जवल हुन्छ। यदि कसैले पैसा हिनामिन गरी काम गरेको खण्डमा सधैं सशंकित भई भय र त्रासमय जीवन बिताउनुपर्ने हुन्छ। पैसा चोरेको, हिनामिना गरेको मालिकलाई थाहा भए के होला भन्ने डर हुन्छ।

त्यही बेला स्रोताहरूको बीच उदेनराजाकी महारानी श्यामावतीको सेविका खुज्जुत्तराले बुद्धको उपदेश सुनिरहेकी थिइन्। उनी दिनदिनै महारानीलाई जुनेली फूल किन्दा आधा जति पैसा नाफा खान्थिन्। उनले बुद्धको धर्मकथा सुनिसकेपछि त्यसदिनपछि पैसा हिनामिना गर्ने काम छाडिदिइन्। महारानीले यो कुरा थाहा पाएपछि सेविकालाई उच्च पदमा सरूवा गरिन्।

यहां विश्वासपात्र बनेपछि जीवन उज्ज्वल भएको देखाइएको छ। सबै मानिसहरू सबैका लागि विश्वासपात्र बन्न सकेमा शान्ति स्थापना हुन कुनै समय लाग्दैन। ■

## भगवान

■ **केशव शाक्य,** असनबहाल

आमाबाट जन्मेको बालक
यो धर्तीमा पाइला टेक्ने बित्तिकै
आकाशबाट फूलहरू बर्सेका छन्
सबै इश्वरहरूले सम्मान गरेका छन्
संसार नै उज्यालो चम्किलो पार्दै
जन्मे भगवान बुद्ध।
युवा छँदा चिन्तन मननमा डुब्ने
घर, धन, मोह त्यागी जंगल घुमे
मानवलाई दु:खबाट मुक्त गराउन
संसारलाई शान्तिको ज्योति फैलाउन
जन्मे भगवान बुद्ध।

## शाक्य गणराज्य सिद्धार्थया जन्म

■ **अमृतमान शाक्य,** इतुंम्वाहा, यें

च्वा पुगुँया क्वसं जम्वुदिप नापसं
गणराज्य नापसं राप्ती खुसी न्ह्यानाच्वं
प्रकृतिया छाय्पां शाक्य गणराज्य अनसं
शुद्धोदन जुजु कपिलवस्तु नगर याम्ह।
वछलाया ई: व ई वसन्तया लकस न्ह्याई
मायादेवीयात लुम्बिनीवनसं सालाकाई
देवदह मथ्यवं लुम्बिनीसं झासुलं
देवलोक सकल वया च्वन अनसं।
वसन्तया लकसं भुवल अनसं
शुद्ध बुद्धनं सिद्धार्थ जुया पिलुवल अनसं
सरगतलोकं देवगण पिन्सं स्वां:वा गाका हल अन
लसताया खुसिवा कपिलवस्तु थ्यंक थ्यन अन
शुद्धोदन जुजुनं लकसे लसता खंका थन
स्वां:वागाका सुगतयात लायकुली हल अन
मंगल जूगु लायकु स्वया देवगण अन
सुगत दतनं माया देवी मन्त अन।
गज्यागु विडम्वना वल अन गणराज्ये
न्हयनु म्वाम्ह मां मन्त सिद्धार्थ बुद्धया
जन्म मृत्यु पनेमफु थ्व भवसागरे
विडम्वना गथे मधाई लोकया म्हुतुसं।
क्वागु माया विल प्रजापति मामनं
तृष्णाया जालनं ब्वलनावन सिद्धार्थनं
शान्तिया लँपु मालेत जंजालहे त्वतावन
पलांपतिकं ज्ञान माला वनाच्वन वला।
दु:खसिया बुद्धत्वलात सम्यक सम्बुद्ध हे
कनाजुल बुद्धया धर्म सकलसितं
न्यनावन सकभनं बुद्धधर्म
बुद्धया ल्हयुल्हयु चिवरपात्र दुपिं भिक्षुपिं!
वेलुवन जेतवन विहार दानया: द:सां
थिरं मच्वंगनं सुगत बुद्ध अनसं
मृत्यु न्ह्चोने व:सां वला मग्या:
जन्म जुसे मृत्यु जुइगु बया कर्मला ख:।
मृत्यु खना ग्याना च्वनेगुहे व्यर्थ खसा
जन्म जुया म्वाना च्वनेगु नं व्यर्थ मखा
बुद्ध धर्मे न्ह्यथना तगु थ्व:हे ज्ञान
थुइकेमाल भीसं नं बुद्धया धर्म ज्ञान।



Downloaded from http://www.dhamma.digital

# घर–कलह शान्ति (एक महिलाद्वारा)



भिक्षुणी धम्मवती

एक समयको कुरा हो । एउटा महाजन थियो । धर्म भन्ने कुन तत्व हो, त्यसलाई थाहा थिएन । उनमा धनको घमण्ड थियो । उनी निकै माथि पुगेका थिए । महाजनपनाले गर्दा समाजमा उनको हेलमेल थिएन । उसको चाकरी गर्न आउनेलाई मात्र उनी मद्दत गर्थे ।

हाम्रो यहाँ श्रावणमासमा कथा पुराण भन्ने चलन भए झैं त्यो महाजनको टोलमा पनि श्रावण महिनामा भिक्षुहरूद्वारा बुद्धपूजा आदि बुद्धधर्मको प्रचार गर्ने काम सुरू भयो । त्यो टोलमा प्राय: सबै जना कथा सुन्न गए । त्यो साहुकी जहान, साहुनीको पनि सुन्न जाने बानी बस्यो । साहुनीले आफूले सुनेर आएको कथा घरमा आएर आफ्नो लोग्ने र छोरीलाई पनि सुनाउने गरिन् । साहुनी भिक्षुहरूका धर्म-देशनाबाट पनि निकै प्रभावित भईन् । तिनले साहुलाई भनिन्– “एक दिन पनि फुर्सत नलिइकन मात्रै के गर्ने ! धेरै घर, धेरै सम्पत्ति के केलाई ! चिन्तामात्र बढ्ने । अलि अलि त्याग पनि गर्न सक्नुपर्छ । धर्मकर्म पनि गर्न सक्नुपर्छ ।

साहुको मनमा पऱ्यो– भिक्षुहरूकहाँ कथा सुन्न गई । अब खर्च गर्ने कुरा गरी । अघि अघि एकजोर साधारण लुगा मात्र लाएर धन जम्मा गर्नुपर्छ भन्नेले अहिले कस्तो कुरा गरेकी । त्याग गर्नु पर्ने ता हो । छोराहरूलाई पढाउनुपर्छ । पछि दाजुभाई झगडा गर्न नपर्ने गरी उनीहरूलाई सबै कुराको बन्दोबस्त गर्न सक्नुपर्छ ।

एकदिन साहुलाई घरायसी टन्टाले दिक्क लाग्यो । मन बहलाउन भनी विहारमा कथा सुन्न गयो । शंका लागेको कुरामा छलफल गऱ्यो । कथामा कस्तो कुरा निस्क्यो भने कमाउनु पनि पर्छ । मिहेनत पनि गर्नुपर्छ । तर कमाएको धनको सदुपयोग गर्न जानेन भने दु:ख हुन सक्छ । परिवारमा झगडा हुन सक्छ । अनि धन भए पनि मनमा शान्ति हुँदैन ।

यसरी कथा सुनेपछि साहुको मनमा धर्म चेतना आयो । स्वभाव परिवर्तन भयो । धार्मिक क्रियाकलापमा त्यागको भावना आयो । चन्दा दिएर, आवश्यक सरसामान प्रदान गरेर मद्दत गर्ने भयो । साहुको स्वभावमा धेरै परिवर्तन आयो । साहुको स्वभाव राम्रो भएको देखेर टोलका मानिसहरूलाई पनि खुसी लाग्यो । अघि जस्तो खुसामद गर्न आउनेलाई मात्र मद्दत गर्ने होइन कि आफ्नै मनले देखेर आफै अघि सरेर दीन दु:खीलाई मद्दत गर्ने भयो । धर्म केलाई भन्दछन् ! राम्रोसंग बुझे । घरका सबैजना धर्मावलम्बी भए । बुद्ध पूजामा भाग लिन जाने भए ।

क्रमश: एउटी छोरी विवाह योग्य उमेरको भई विवाह गरि दिने निश्चय भयो । आमाबाबु दुबैले छोरीलाई बोलाएर भने, “तिमी हाम्रो प्यारी हौं । अब तिमी दुलही हुन लागिरहेकीछौ । हामी विहारमा गएर कथा सुन्ने गरेका, बुद्धधर्मावलम्बी भनेर सबैलाई थाहा छ । तिमी चारजना दाजुभाई भएको घरमा पर्ने भयौ । धेरै दाजुभाई भएको घरमा झगडा हुन सक्छ । सासु र बुहारीहरूको बीचमा, नन्द र भाउजुको बीचमा, ज्येठानी, देवरानीहरूको बिचमा झगडा भइ रहन सक्छ । तिमीले त्यो घरमा गएर कलह शान्ति गरिदिनु । तिमीले यो बुझ्न कोसिस गर, झगडा भयो, किन झगडा भयो ? कलहको कारण देखेर त्यसको जरै उखेल्ने प्रयास गर । अलिकति सहनु पर्ला । दु:ख भोग्नु पर्ला सासु, ससुरा, देवर, देवरानी, ज्येठाजू जेठानी भएको घरमा माइतीमा जस्तो हुँदैन ।”

छोरीले बाबुआमाको आज्ञापालन गर्ने प्रतिज्ञा गरिन् । यथासमयमा विवाह भयो । पतिघरमा प्रवेश गरेदेखि नै साहुकी छोरीले चालचलन अध्ययन गर्न लागिन् । एक दुई महिनासम्म त घरको वातावरण शान्तै थियो बिस्तारै त्यो घरमा दन्तबजान सुनिदै आयो । एकातिर सासु र नन्द अर्को तिर बुहारीहरू, सासु हुनेले आफ्नी छोरीलाई सकेसम्म ऐश आराममा राख्न खोज्दथिन् । बुहारीहरूलाई कमारी झैं काममा जोत्दथिन् । पछिबाट बुहारीहरूमा पनि झगडा हुन थाल्यो । कारण के भने ठूलो जहान भएकोले चुलो धन्दा गर्न त्यो घरमा गाह्रो थियो । यसैले बुहारीहरूमा चुलो धन्दा गर्ने पालो बाँधेको थियो ।

आफ्नो भात पकाउने पालोमा माइती जाने, कत्तिको बाठी मेरो पनि माइती छ । मलाई जान मन लाग्दैन आफ्नो माइतीमा ? भाँडा माझ्ने डुंङ्गुर छ । बच्चा सुताउने निहुँले

कोठामा गएर मज्जासंग सुत्ने । अहिले हो ! बच्चा रोएको । छोरालाई दूध ख्वाउँ कि तिहुन तरकारी हेरूँ लुगा धोयो, आफ्नो मात्रै सुकिलो । अर्काकोमा त साबुनै नलगाएको जस्तो । यस्तै त्यो घरमा सधैं ।

नयाँ बुलही सबैभन्दा कान्छी, बोलीमा नम्रता, जाँगर ता थियो तिनको ।

"बच्चा रोइरहेछ । बच्चालाई दूध ख्वाउन जानुहोस् । चुलोमा म हेर्छु ।" तिमी नयाँ दुलही । तिम्रो पनि पालो आउँछ भात पकाउने ।

"हो, त्यो मलाई पनि थाहा छ । अहिलेदेखि अभ्यास गरे आफ्नो पालामा राम्रोसंग भात पकाउन सकिन्छ । मलाई सिकाइ दिनुहोस्, स्वादिष्ट तिहुन तरकारीहरू पकाउने ।"

भाउजु चाहिंको मनमा पऱ्यो - अरूहरू काम गर्नु पर्ला भनेर टाउको दुख्यो, पेट दुख्यो भनेर माइती जान्छन् । यिनी भने नगर भने पनि काम गर्न आइरहन्छे । कस्तो ज्ञानी छ यो दुलही । माइती जानपरे जानुहोस् भाउजु भात म पकाई दिन्छु भन्छे ।

नयाँ दुलहीको चालचलन देख्दा सासु चाहिं पनि छक्क परिन् । एकदिन नयाँ दुलहीलाई बोलाएर सासुले भनिन् । "ए दुलही ! अर्काको भात पकाउने पालोमा तैंले किन काम गर्न गएकी ? जान्ने नहोउ, आफ्नो पालोमा मात्र चुलो धन्दा नगरीकन ।"

"होइन आमा !" नयाँ दुलहीले भनिन्– अघि यो घरमा जहिले पनि भात पकाउने लुगा धुने कुरामा झगडा भइरहन्थ्यो । अहिले यस्तो छैन । माइती जानलाई पनि कसैले भनाई खान पर्दैन । परस्परमा सहयोग भइरहेकोले काम सबै राम्रोसंग भइरहेको छ ।"

नयाँ दुलहीको कुरा सुनेर सासुचाहिं प्रभावित भइन् । तिनले सोधिन्– "तँलाई कसले यसरी काम गर्न सिकाएको ?"

नयाँ दुलहीले भनिन्– "हाम्रा बा आमा, हामी सबै विहारमा गएर कथा सुन्थ्यौं । धर्मकर्म गर्थे । भन्तेहरूको, गुरूमांहरूको बानी सुधार गर्ने कथा सुन्थ्यौं । मलाई यहाँ दिई पठाउनु दुइ दिनअघि बा र आमाले भन्नु भएको थियो- पति घरमा बस्दा आफ्नो मनले देखेर काम गर्नुपर्छ । झगडा भएमा झगडाको कारण बुझेर झगडा नहुने काम गनुपर्छ । नत्र इज्जत जान्छ । यो दुलही अल्छी, लुच्ची, बजौठी, यस्तो भनाई खानु पऱ्यो भने बाबु आमालाई समेत नराम्रो हुन्छ । त्यसैले मैले बाबुआमाको अर्ति मुताबिक काम गरिरहेछु ।"

सासु चाहिंले सोधिन्– "भन्तेहरू भन्ने को हुन् नि ?"

नयाँ दुलहीले भनिन्– "भन्ते" भिक्षुहरूलाई आदर पूर्वक बोलाउँदा प्रयोग गरिने आदरार्थक शब्द हो ।"

"भन्ते" भिक्षुहरूलाई प्रयोग गरिने आदर सूचक शब्द रहेछ । भिक्षुहरूले यस्ता कथाहरू भन्ने रहेछ ।"

सासु चाहिंले भनिन्– "दान दिनुपर्छ भनी दान लिने मात्र गर्छन् भनेको त होइन रहेछ" मनमनै भनिन्, "राम्रो उपदेश दिने रहेछ भिक्षुहरूले साँच्चै लक्ष्मीजस्तै बुलही फेला पऱ्यो । घरमा झगडा तगडा केही छैन अब । सबै मिलजुल भएर काम गर्दा कति राम्रो भयो । माइती जान पर्नेहरूलाई पनि आनन्द भयो । हो बा ! छोरीलाई पुल्पुल्याएर राख्दा पछि आफैलाई नराम्रो हुन्छ । अर्काको निन्दा चर्चा सहनुपर्ने हुन्छ । छोरीलाई तालीम गर्नु पऱ्यो ।

पतिघरमा गएर छोरीले मनले चिताएझैं काम गरेर बाबुआमाको नाम राखी दिइन् । साहु र साहुनी दुवै खुसी भए । विहारमा गएर भन्ते र गुरूमांहरूद्वारा भगवान् बुद्धको उपदेशानुसार सुधार कार्य गर्न सकेकाले तिनीहरूको हर्षको सीमा रहेन ।

■


।। आरोग्या परमालाभा, सन्तुट्ठि परमं धन, विस्सासा परमञाति, निब्बानं परमं सुखं ।।

*सम्यक् सम्बुद्ध प्रति नतमस्तक हुँदै स्वास्थ्य सेवामा समर्पित धर्मकीर्ति विहारको शनिवारीय क्लिनिकबाट लाभ लिनुहोस् ।*

**प्रत्येक महिनाको**

| | | | |
|---|---|---|---|
| पहिलो शनिवार | डा. योगेन्द्रमान शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००– ९:३० |
| दोस्रो शनिवार | डा. मोतिराज बज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| तेस्रो शनिवार | डा. विजयलाल श्रेष्ठ | डाइवेटिक विज्ञ | ८:३०–१०:०० |
| चौथो शनिवार | डा. मोतिराज बज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| प्रत्येक पूर्णिमा | डा. सुरेन्द्र शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००–१०:३० |

**धर्मकीर्ति स्वास्थ्य कमिटी, श्री:घ: विहार**




Downloaded from http://www.dhamma.digital

# धम्मपद–२०९

**उच्छिन्द सिनेहमत्तनो, कुमुदं सारदिकंव पाणिना**
**सन्तिमग्गमेव ब्रूह्य, निब्बानं सुगतेन देसितं**

अर्थ– शरद ऋतुको कमलको फूललाई हातले भाँचीदिने जस्तै आफ्नो मनको स्नेह हटाउ । सुगतले आज्ञा हुनु भएको शान्ति मार्ग बृद्धिगरी, निर्वाणको अनुशरण गर ।

घटना– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु हुँदा सारीपुत्र स्थविरको शिष्य सुवर्णकार थेरको कारणले बताउनु भएको थियो ।



**रीना तुलाधर (बनिया)**
*'परियत्ति सद्धम्म कोविद'*

एकसमयमा एउटा सुनुवारका तरूणअवस्थामा पुगेको राम्रो केटा सारिपुत्र स्थविरकहाँ ल्याएर प्रव्रजित हुन आए । सारिपुत्र स्थविरले तरूण अवस्थामा चित्तमा धेरै राग उत्पन्न हुनसक्छ भनीकन बिचार गरी त्यस युवा भिक्षुलाई अशुभ भावना सिकाई दिए । अशुभ भावना सिकी युवा सुनुवार भिक्षु जंगलमा ध्यान गर्न गए । तर उनीलाई उक्त भावना विधि अनुकूल भएन । उसले ध्यानमा राम्रो प्रगति गर्न सकेन । अनि उनी आफ्ना गुरु सारीपुत्रकहाँ आएर आफ्नो समस्या बताए । सारीपुत्र स्थविरले कर्मस्थान भावनामा मन लगाउन सकेन भनेर अभ्यांस गर्न छोड्नु हुँदैन भनी उसलाई पुनः जंगलमा पठाउनु भयो । ती युवा भिक्षुले अझै राम्ररी भावना गर्न नसकेकोले पुनः गुरुकहाँ फर्केर आयो । तब सारीपुत्र स्थविरले यसको समस्या सुल्झाउन तथागतकै लानुपऱ्यो भनीकन बिचार गरी आफ्ना शिष्यलाई लिएर भगवान् बुद्धकहाँ जानुभयो ।

भगवान बुद्धले उनी सुनुवारको बच्चा भएकोले सुनको राम्रो चीज हेरेर आएकालाई अशुभ भावना अनुकुल नभएको कुरा भन्नुभयो । अनि सारीपुत्रलाई भन्नुभयो– "तिम्रा शिष्यलाई आज मकहाँ छोडेर जाउ ।"

तथागतले ऋद्धिको बलले एउटा पांग्राको आकार को सुनको कमल फूल निर्माण गर्नुभयो । र त्यस फूलको पात र हाँगाबाट पानी तप-तप झरीरहेको बनाउनु भयो । युवा भिक्षुलाई सुनको कमल फूल दिएर भन्नुभयो– "हे भिक्षु यो फूल विहारको एक छेउमा गाडी त्यसको अगाडि बसी **"लोहितक-लोहितकं"** भनीकन परिकम्म भावना गर्न जाउ ।"

"सुनको कमल फूलमाथि एकाग्र चित्तले ध्यान गर्दै जाँदा युवा भिक्षुलाई ध्यानमा प्रीति सुख उत्पन्न भयो । ध्यानमा क्रमशः प्रगती हुँदै गयो ।

भगवान् बुद्धले यो कुरा जान्नुभयो र तब फेरि आफ्नो ऋद्धि बलले सुनको कमल फूल झरेको, सुकेको जस्तै पार्नुभयो । हेर्दाहेर्दै कमल फूल झरेको सुकेको कालो भएर गएको देखी युवा भिक्षुले त्यसमै दुःख लक्षण र अनित्य लक्षणको अनुभूति गर्न थाल्यो । तथागतले अब यसले बोधिज्ञान प्राप्त गर्नसक्ने अवस्था आयो भनी जानेर गन्धकुटीबाटै रश्मि फैलाई उनकै अगाडि स्वयं उभिएको जस्तै गर्नुभयो । आफ्नै अगाडि रश्मि फैलिएर तथागत उभिनु भएको देखेर ध्यान गरेर बसेका युवा भिक्षु हतपत उठी हात जोडी बिन्ती गरे । तब तथागतले उपरोक्त गाथा भन्नुभयो ।

यो गाथारूपी धर्म देशनाको अन्तमा सुनुवार युवा भिक्षुले अरहत्व लाभ गरे । ■

## स्वागत केवल उनीहरूलाई मात्र

**■ के.पी. घर्ति मगर**

मन, वचन शुद्धगरी, आउनेलाई स्वागत
स्वार्थी त्यागी एक पाइला, धाउनेलाई स्वागत

अनेक झन्झट झमेलाबाट मुक्त भइकन
भगवान प्रति चोखो माया, लाउनेलाई स्वागत

कुविचार, झुठो बोली, असत्य बोल्न हुन्न
अमृत वचनको भीख, माग्नेलाई स्वागत

हिंसाद्वारा शान्ति हुन्न, रीसले आफैं सखाप
शीतल अनि शान्त बनी, छाउनेलाई स्वागत

नेपालको सपूत जो, ज्ञान छरे दुनियाँभर
त्यही ज्ञानको मीठो गीत, गाउनेलाई स्वागत

# शिद्धार्थको जन्म



■ प्रकाश वज्राचार्य ■

अगाडिका खुट्टा हावामा बुर्लुक्क उचाली घोडा ठूलो आवाज निकाली हिनाहिनायो । रथ टक्क रोकियो । सारथीले दायाँबायाँ आँखा घुमाई केही खोजे । रथ अगाडि हिंडीरहेका सैनिकहरू के भएको रहेछ भन्ने बुझ्नलाई रोके । रथको पछाडि चारजना हृष्टपुष्ट सैनिकहरूले बोकेर ल्याएको पालकी पनि रोकियो । पछिपछि आइरहेका सबै पैदल र घुडसवारहरूलाई पनि रोक्न करै लाग्यो ।

"के भयो, चपला ?" विस्तारै मुण्टो उचाली मायादेवीले[१] सोधिन् ।

"घोडालाई तिर्खा लागे जस्तो छ । सारथी पानी खोज्न जानै लागेको छ ।" पालकीसँगै छेउमा हिंडिरहेकी दासीले उत्तर दिई ।

पुलुक्क माथि हेर्दै मायादेवीले भनिन्, "कस्तो चर्को गर्मि नि, बोसै पग्लेला जस्तो ! मलाई पनि थकाइ लागिसक्यो ।" चारैतिर एकपल्ट आँखा दौड़ाउँदै भनिन्, "अरे ! हामी त लुम्बिनी वनमा पुगिसकेका रहेछौं ! आहा ! क्या शीतल हावा चलेको ! कति रमाइलो हेर न चारैतिर !! केही वेर यहिं रोकी आराम गरौं कि कसो ?! घोडाहरूले तिर्खा मेटाउन पाउने छन् । हामीले थकाई मार्न पाउनेछौं । देवदह पुग्न तीनकोस मात्रै त बाँकी छ नि ! साँझसम्म त कसरी नपुग्ला र ?"

महारानी मायादेवीको हुकुम अनुसार काफिला त्यहिं रोकियो । घोडसवारहरू घोडाबाट ओर्ले, रथसवारहरू रथबाट । लुम्बिनी वनको आनन्द लुट्न पाउने भएकोले सबैजना रमाएका थिए ।

लुम्बिनी[२] ! देवदह र कपिलवस्तु बिचस्थित हरियो शालवन । कपिलवस्तुबाट १५ माइल टाढा रहेको रमणीय त्यो वन । तर पनि दुवै नगरका बासिन्दाहरूले औधि नै रूचाएको, दुबै नगरका बासिन्दाहरूले उति नै ममता गर्ने त्यो वन । त्यो लुम्बिनी वन न कपिलवस्तुको थियो, न त देवदहकै । अति रमणीय ! अति लोभालु !

आकाश सफा थियो । सिरसिरि बतास चलिरहेको थियो, मानो फूलहरूलाई जिस्काउन लागे झैं फूलहरू पनि मात्तिएर हल्लिरहेका थिए । तिनीहरूकै लयमा लय मिलाउँदै गाइरहेका थिए चराहरू– एकसेएक राम्रोसँग, एकसेएक राम्रा चराहरू । आँखा तान्ने राम्रा–राम्रा फूलहरू फुलेका थिए, चारै दिशामा मने शीतल हुनेगरी । हरिण र खरायोहरू जिस्किंदै उफ्री यताउता दौडेर खेलिरहेका थिए ।

थकाइमार्न आएकाहरूलाई स्वर्गमा आएको जस्तै भयो । कोही हरियो घाँसमा लम्पसार पर्न गए । कोही रूखको शीतल छहारीमा बस्न गए । कोही राम्रा-राम्रा फूल टिप्नमा लागे । कसैकसैले अनायास गीत गाएर ल्याए । त्यसैको सुरमा अनायास नाच्नेहरू पनि देखिन थालिए ।

उनीहरूलाई नै स्वागत गर्न आएझैं पंक्तिवद्ध भई नाचिरहेका पाँच मयूरहरूलाई टोलाएर हेरिराख्ने चपलालाई उनकी साथीले प्वाक्क भनिन्, "साँच्चै कति रमाइलो हगि यहाँ ? म त यहाँ पहिले कहिल्यै आएको थिइनँ । महारानी माइतीघर सवारी होइबक्सेको पनि राम्रै भयो, यो मनोहर जंगलमा त आउन पाइयो !"

चपलाले भनिन्, "त्यो त तिमीले हाम्रो परम्पराको आभारी हुनुपर्दछ । बच्चा जन्माउँदा माइत गएर जन्माउनुपर्ने हाम्रो परम्परा भएकोले नै आज महारानी देवदेह जान लागेको नि । नत्र के कारणले दश महिनाकी गर्भिणी महारानी यस्तो बाटोबाट आउँथी ?"

"साँच्चै, महारानीको गर्भबारे धेरै पो कुरा सुन्न पाइन्छ त । ठूला महान् बच्चा हुन्छ रे ! महारानीले खै के के कुरा सपनामा देखेकोले ज्योतिषीहरूले भनेको रे !" साथीले टाउको हल्लाई–हल्लाई आफूले सबै कुरो थाहा पाए जस्तो गरी भनिन् ।

"लौ, थाहा छैन तिमीलाई ? आजभन्दा दश महिना

१. मायादेवीलाई महामायादेवी पनि भन्ने चलन छ । पालि साहित्यमा महान् व्यक्तिहरूका अगाडि "महा" राख्ने चलन छ । महामायादेवी, महाकात्यायन, महाकाश्यप, महामोदगल्यायन, महाप्रजापति गौतमी आदि यसका उदाहरण हुन् ।

२. वर्तमान रूम्मिनदेई, सिद्धार्थ नगर, नेपाल ।



Downloaded from http://www.dhamma.digital

अगाडिको कुरो त हो नि– आषाढ पूर्णिमाको दिन । महारानीले नि, सपनामा मौसुफलाई चारजना देवपुत्रहरूले आई बिछौना समेत उडाएर लगेको देखिन्, अरे । अनि उनीहरूले महारानीलाई अनोतप्त दह[३] मा लगेर नुहाउन लगे, अरे । त्यसपछि एउटा सेतो हात्ती महारानीको दाहिने काखीबाट शरीरभित्र पसे, अरे । हः ! त्यही हात्ती गर्भमा बस्न आएको ही भन्ने हल्ला गर्छन् मानिसहरू ।" आफूले जानेसुनेको कुरा चपलाले ओकलिन् ।

"चपला ! चपला !!" ठूलो स्वरमा बोलाउँदै आई रहेको एकजना दासी देखेर दुबै चुप लागिन् । स्वाँ-स्वाँ फुँ-फुँ गर्दै दौडेर आउने दासीले अगाडि पुग्ने बित्तिकै भनिन्, "गजब भयो ! महारानीलाई व्यथा भयो । चाँडै जानु पऱ्यो । छिट्टै जानु पऱ्यो ।" कुरो सुन्नासाथै उनीहरू महारानी बसिरहेको रूखतिर दौड्दै गइन् । जंगलको बीचमा व्यथा भएको कुरो सुनेर चकित हुने समय उनीहरूसँग ।

महारानी मायादेवी सुत्केरी भएको खबर त्यस जंगलमा खुट्टो तन्काउन आएका सबैले थाहा पाए । हत्तनपत्त महारानी बसिरहेको रूखको चारैतिर फरियाले घेरेर एउटा सानो कोठा जस्तै बनायो । सैनिकहरू चारैतिर सजग भई पहरा दिनमा लागे । कोही पानी लिन गए । कोही आगो बाल्ने तर्खरमा लागे । दरबारको सुसज्जित कोठामा कुनै कुरोको कमी नहुनेगरी सुत्केरी हुने सौभाग्य भएकी महारानी मायादेवी संजोगले एउटा वनको रूखमुनि पर्न आई यतिबेला । त्यसैले सबै बिचल्लीमा परेका थिए । यताउता दौडादौड गर्दै गरेका मानिसहरू देखेर जरायो र खरायोहरू पक्क परे । गीत गाइराख्ने चराहरू ट्वाल्ल परे । के पो हुन लागेको हो ?! दासी र सैनिकहरूकी मनमा खुलदुली मच्चिएको थियो । लुम्बिनी वनसिंगै के हुन लागेको हो थाहा पाउन सास रोकेर हेरिराखे जस्तै भान हुन्थ्यो । त्यहाँ के हुन लागेको हो भन्ने थाहा पाउन समय नै रोकिदिएको जस्तो भयो । खालि दिनभरि चञ्चल भइराख्ने सूर्य चाहिं हेर्न लाजमानी पश्चिममा आफ्नो मुण्टो लुकाउन पुग्यो । अनि आकाशले अनुहार रातो पाऱ्यो ।

आधाघण्टा जति पछि फरियाले घेरेको शालवृक्षको मुनिबाट बच्चा रोएको आवाज आयो । सबैको अनुहार उज्यालो भयो । हँसिलो भयो । ढुक्क भयो । यति सजिलो र आरामसंग जंगलको बीचमा महारानीले बच्चा जन्माएकोले सबै चकित भए । शाक्य देशको महाराज शुद्धोदन र महारानी मायादेवीका पहिलो सुपुत्र यसरी विशाख नक्षत्रको शुक्रबारको दिन लुम्बिनी वनको एउटा शालको रूखमुनि जन्म भयो । विश्वलाई नयाँ बाटो देखाउने शान्तिको राजकुमारको जन्म भयो ।

दासीहरूले गीत गाउन शुरू गरे । रमाई रमाई सैनिकहरू नाच्न थाले । जंगलमा पुनः समय अगाडि बढ्यो– चहल पहल गर्दै । सबै नाचेको देखेर पशुहरू पनि मात्तिएर नाच्न थाले । सबैले गीत गाएकोले चराहरूले पनि गाउन थाले । अकस्मात् मन्द मन्द बतास चल्यो । जंगलका राम्रा सुगन्धित फूलहरू बतासले उडाइ ल्याए । सुगन्धित फूलहरूको वर्षा भयो । पुष्पवृष्टि भयो ।

यी सबै हेर्न मधुर मुस्कान लिई बिस्तारै आफ्नो चम्किलो अनुहार बोकी आकाशमा चन्द्रमा देखा पऱ्यो । आज पूर्णिमा-पुष्प पूर्णिमा ! बैशाख पूर्णिमा !!

*(साभार- मानव महा मानव)*

३. अनोतप्प दह–वर्तमान मानसरोवर, तिब्बत ।


# सूचना ! सूचना !! सूचना !!!

**पूज्य धम्मवती गुरुमांको ७४ औं वर्षिय जन्मोत्सवको शुभ उपलक्ष्यमा पूज्य भिक्षुसंघबाट साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना गर्नुहुने कार्यक्रम रहेको छ । उक्त पूण्य कार्यमा सहभागी हुन इच्छुक सबै धर्मप्रेमी श्रद्धालु श्रोतावर्गहरूलाई हार्दिक स्वागत गरिएको छ ।**

*स्थान: धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं*
*समय: विहान ७:०० बजे देखि ९:०० बजे सम्म*
*मिति: २०६५ असार ३० गते सोमबार देखि श्रावण ५ गते आइतबार सम्म ।*
*आयोजक: धर्मकीर्ति विहार परिवार*




Downloaded from http://www.dhamma.digital

# कर्मको विधान-राम्रो रोपे राम्रै फल्छ नराम्रो रोपे नराम्रै फल्छ



■ डा. लाम ■

मेरो जीवनको एक महत्त्वपूर्णकाल त्यो हो जब मैले युरोप र अमेरिकाको वैज्ञानिक वातावरणमा मानवीय, समुदाय र देशमै आएका परिवर्तनहरूको ऐतिहासिक विकास बारे अध्ययन गरें । म यो निष्कर्षमा पुगेको छु कि हरेक परिवर्तन र परिणाम कर्मको विधानबाट प्रभावित भएको हुन्छ । कर्मको विधान साच्चै अचम्मको र साच्चै नै वैज्ञानिक प्रक्रिया हो 'जस्तो हामी रोप्छौं त्यस्तै बाली पाउछौं' राम्रो गरे परिणाम राम्रो आउँछ, नराम्रो गरे नराम्रो, यस कुरामा कहिल्यै फरक पर्दैन । कर्मको विधानको कसरी काम गर्दछ भन्ने बारे हामीले अत्यन्त शान्त चित्त भएर ध्यानपूर्वक हेर्नु पर्दछ । हामीले आएको परिवर्तन विश्वव्यापी कानूनको परिणाम भेट्टाउने छौं ।

भियतनाम र विश्वको इतिहास पढ्दा र त्यस सम्बन्धमा अनुसन्धान गर्दा मैले भेट्टाएका केही ऐतिहासिक कुरालाई म उदाहरणका रूपमा प्रस्तुत गर्न चाहन्छु । दशौं शताब्दीमा भियतनाममा ल लोङ्ग दिन्ह नामक राजा थिए, उनी क्रूरतापूर्वक र राम्रो सोच विचारै नगरी राज्य गर्दथे । रिसाएको बेला उनी के काम गर्दा त्यसको परिणाम के हुन्छ भन्ने पटक्कै विचार नगरी काम गर्थे । उदाहरणका लागि कुनै बौद्ध भिक्षुमाथि उनलाई रिस उठ्यो भने उनी ती भिक्षुको टाउकोमा उखु काट्न लगाउँथे । उसको शासनकालमा भियतनामी जनताले ठूलो कष्ट भोग्नु पऱ्यो र उसको शासनकाल पनि धेरै समय टिकेन । आफ्ना पाप कर्मले गर्दा त्यो राजा अत्यन्त दुःख पाएर मऱ्यो ।

इशापूर्व तेश्रो शताव्दीमा अशोक नामका एक राजा भए । राजा अशोकका बारेमा इतिहास पढ्नेलाई सबै कुरा थाहा भएकै छ । कलिङ्गको लडाईमा जब हजारौं मानिसको मृत्यु भएपछि, मानिसको मृत्यु र तिनले पाएको दुःख देखेर राजा अशोकको मन ज्यादै द्रवित भयो । अशोकले हिंसा त्यागेर शान्तिको बाटो अपनाउने संकल्प गरे । उनले मानिसहरूको मन, स्नेह र प्रेमयुक्त दयाभावले जित्ने अठोट गरे । उनले मानवताका लागि इतिहासको एक नयाँ अध्याय प्रारम्भ गरे । मानवताका लागि यो एक अभूतपूर्व उदाहरण हो । युद्धमा सफलता प्राप्त गर्ने एक विजयी योद्धा भएता पनि उनले युद्ध र हिंसाको अन्त्य गर्ने प्रण आफैंले गरे । त्यसैले गर्दा यो पृथ्वीमा उनी अमर हुन पुगे ।

बितेको शताव्दीमा अर्का एक ठूला व्यक्ति महात्मा गान्धीले हामीलाई अहिंसाको साच्चै राम्रो उदाहरण दिए । उनले बुद्धको उपदेश अहिंसालाई कार्य र व्यवहारमा उतारे र यसैबाट उनले भारतलाई स्वाधीन बनाए र संसारमा राम्रा परिवर्तनहरू ल्याए । भारतले हिंसालाई अपनाएको भए भारत अहिलेको अवस्थामा आइ पुग्थ्यो-पुग्थेन भन्न गाऱ्हो छ ।

केही वर्ष अघि मैले कर्मको विधानले कसरी काम गर्दो रहेछ भन्नेबारे उल्लेखनीय उदाहरण देख्ने अवसर पाएँ । एउटा प्रख्यात धार्मिक नेता थिए, उनी बाचुञ्जेल नैतिकवान बन्नुको सट्टा शक्तिवान बन्ने र धन आर्जन गर्नेतर्फ मात्र उनको ध्यान गयो । शक्ति र धनलाई जोगाएर राख्नेतर्फ उनको केही लागेन । अपशोच ! जीवनको अन्तिम घडीमा उनी अरूको सहाराबिना खान-पीन गर्न र दिशा-पिसाव पनि गर्न नसक्ने भए । उनको शरीरले यस्ता कर्म गर्न पनि एक अत्याधुनिक उपकरणको सहायता लिनुपऱ्यो । उसका खराब कार्यको परिणाम उसले भोग्नुपऱ्यो । कर्मको विधान बारे उसको अज्ञानताले नै यसो हुन गएको हो । जब उसको मृत्यु भयो उसले बैंकमा जम्मा गरेको धन बैंकले नै जफत गऱ्यो । हाम्रा सामु कर्मको विधान सम्बन्धी यस्ता कयौं उदाहरणहरू आएका छन् । कर्मको यस्तो विधानलाई हामी सबैले बुझ्न साच्चै ध्यान दिनु र विचार पुऱ्याउनु पर्छ ।

*(साभार: नेपाल-शान्ति आफ्नै हातमा छ)*

**"बुद्धिमान मानिस हुनेहो भने चित्तलाई संयम र इन्द्रियलाई दमन गरी अप्रमादी भएर ठूलो बलियो चट्टानको टापुलाई बाढीले हुत्याउन नसके जस्तो हुनुपर्दछ । - धम्मपद**



Downloaded from http://www.dhamma.digital

# असल गुणका चार खम्बाहरू



**गुरु सिङ युन**

हरेक संस्थाले आफ्ना सदस्यहरूबाट केही खोज्नुपर्छ नै । संस्थाहरूले आफ्ना सदस्यहरूलाई मानिसहरूसँग भेटघाट गर्न भन्दछन्, त्यस्तै सूचनाहरू संकलन गर्न र कुनैले आफ्ना सीप र दक्षताहरू विकास गर्न पनि भन्छन् । शाक्यमुनि बुद्धको उपदेशहरूमा बि.एल.आइ.ए आधारित हुने हुनाले हाम्रो मूल उद्देश्य भन्नु नै सबै चेतनशील प्राणीहरूलाई सहारा दिनु हो । यो लक्ष्य प्राप्तिको लागि हामीले बि.एल.आइ.ए का सबै सदस्यहरूलाई उच्चस्तरको व्यवहार उपलब्धि गर्न प्रयास गर्न भन्नुपर्छ ।

सप्ततथागतहरूका श्लोकले भन्छ, "कहिले पनि खराब कुरो नगर, सधैं असल गर, आफूलाई शुद्ध गर । सबै बुद्धहरूका उपदेशहरू यिनै हुन् ।" तलका खण्डहरूमा बि.एल.आइ.ए. का सदस्यहरूका हैसियतले हामीले लिनुपर्ने प्रमुख उत्तरदायित्वहरूको म चर्चा गरूँला ।

मनलाई चोखो पार बुद्धले भन्नुभयो, "मन बाहिर केही कुरो छैन । क्षुब्ध र रिसाएका मानिसहरूले अरुहरूमाथि छलकपट गर्छन् । मनले नै आफ्नै नरक छान्छ, भोको प्रेतको वा जनावरको लोक खोज्छ र स्वर्ग पनि रोज्छ । हाम्रा मनहरूले गर्ने कार्यहरूले ती विभिन्न लोकहरू निर्णय गर्छन् । मनलाई नियन्त्रित गर्न सक्छौं र ठीक बाटोमा यसलाई ल्याउँछौं भने अथाह शक्तिहरू प्राप्त हुन्छ । धेरै कल्पहरूसम्म आफ्नै मनसँग मैले संघर्ष गरेँ र अहिले म बुद्ध बन्न सफल भएँ । ती नौ लोकहरूका सबै कुराहरू मनले सिर्जना गरेको हो ।"

हाम्रा मनहरू राजाजस्तै हुन्छन् जसले निरंकुश तरिकाले शक्ति प्रयोग गर्छन् । तिनीहरू एकाग्र भएको बेला जे पनि गर्न सक्छन् । संसारका लोभ वा मोहबाट एकछिन मात्र विमुख वा अनाकर्षित हुँदा पनि ६ वटा इन्द्रियहरूका दानवीय फौजबाट आक्रमण हुने खतराबाट हामी गुज्रिरहेका हुन्छौं । ती आक्रमणहरूमा परेर एकैछिन आफू हराउँदा पनि हामी भयंकर कर्म सिर्जना गर्न पुग्छौं । एकैछिनमा असल गुणबाट अलग्ग भएर पूर्ण रूपले ती गुणहरूबाट टाढा मोडिन सक्ने सम्भव हुन्छ ।

सबै बौद्धहरूले यो कुरा थाहा पाउनुपर्छ । कमजोर र भ्रममा परेर एकैक्षणमा हाम्रो सम्पूर्ण भविष्य फेरिन सक्छ । यस्ता घडी र समयका लागि हामी तयार रहनुपर्छ । हामी संघर्ष गरेर जित्न तयार हुनुपर्छ । हामीले सिकेका कुराहरूमा भर पर्न वा निर्भर हुन यतिबेला नै आवश्यक हुन्छ । यसै बेला नै हामी के हौं भन्ने कुराको महत्त्व जानिन्छ । यही समयमा हामीले हाम्रो विश्वास, आस्था असल गुणहरू, करूणा, नैतिक शीलहरू, धैर्य र हाम्रा एकाग्रताहरू सबै खिचेर लिनुपर्छ । एकैछिनमा हामी लोभिन्छौं भने अर्को क्षणमा पूर्ण विजयी बन्न सक्छौं ।

**हामीले भाषाको प्रयोगमा विचार गर्नुपर्छ**

मानव जातिका दशवटा प्रमुख दोषहरू बारे बुद्ध धर्मले बारम्बार भन्दछ । यी दोषहरू तीन आधारभूत समूहहरूमा विभाजित गर्न सकिन्छ-शरीरबाट हुने, मनबाट र बोलीबाट हुने प्रदुषणहरू वा दोषपूर्ण क्रियाकलाप-हरू । शारीरिक दोषहरू-तीन किसिमका हुन्छन्- हिंसा, चोरी र कामवासना । मानसिक दोषपूर्ण कार्यहरू तीन प्रकारका हुन्छन्- लोभ, रिस र अज्ञानता । बोलीबाट हुने चारवटा दोषपूर्ण कार्यहरू-दोहोरो बोल्ने (दुईजिब्रे), कडा बोली, झूठा र अरूको झूठा प्रशंसा गर्ने । तीनवटा दोषपूर्ण व्यवहारहरूमा बोलीको दोषको संख्या धेरै भएको कुराबाट भाषाको प्रयोगको महत्त्व र यसबाट हुन सक्ने खतरा संकेत गर्दछ । शरीर र मनबाट भन्दा बढी हाम्रा मुखहरूले धेरै समस्याहरू सिर्जना गर्छन् ।

प्रतिभानमति परिपृच्छा सूत्र भन्छ- मानवीय मन विषको स्रोत हो । मुख ढोका हो जसबाट आपत-विपत निस्कन्छ । मन र मुखले ल्याएका कर्मको फल र सजायँ भोग्ने भने शरीर नै हुन्छ ।

से जु चिन (Sze Tzu Chin) सूत्र भन्छ, "बुद्धिविवेकका आँखाहरूद्वारा संसारका अशान्ति र दु:खहरू महत्त्वहीन कुराहरूमा वादविवाद र तर्कहरूबाट उठेका देख्न सकिन्छ । आपदविपद्का मामिलाहरू हजारौं अपराधहरू र भूलहरू आफूमा चक्कर काट्दै थुप्रिएका हुन्छन् र यसको मूल कारण मन नै हो ।"

चित्त छिटो-छिटो चल्छ र झिमिक्क गर्दाखेरी फर्काएर लिन नसक्ने गरी यसले मुखलाई खतरनाक कुराहरू बोल्न हुकुम दिइसकेको हुन्छ । विश्व इतिहासमा अत्यन्त राम्रा कार्यहरू एक सेकेन्डको नराम्रो बोलीमा चकनाचुर भएका कथाहरू छन् । आज संसारभरि नै हामीले रिसले भरिपूर्ण शब्दहरू सुन्छौं र तिनीहरूले माफ दिन नसक्ने प्रतिक्रियाहरू पैदा गरेको कुराहरू हामीलाई थाहा छ । म अनुमान गर्छु, सबैले यस्ता अनुभवहरू भोगेका होलान् ।

खराब बोलीले जन्माएका पापकर्म वा खराब कुराहरू विरुद्ध हामीले आफूलाई रक्षा गर्नुपर्छ । बि.एल.आइ.ए. का सदस्यहरूले खराब र रीस उठ्दो बोली सर्वव्यापी भएको कुरालाई चिन्न सक्नुपर्छ । हामीलाई कडा बोलीले प्रहार गरे पनि झूठो बोली बोले पनि बोल्ने व्यक्तिलाई क्षमाशील भई माफी दिन छिटो हुनुपर्छ ।

क्षुब्धता, रिस र बदला लिने भावनाका कडा बोलीबाट माथि उठ्न हामीले सकेसम्म बढी कोशिस गर्नुपर्छ । खराब कामहरू खराब बोलीजस्तो हुँदैनन् नै । सुन्ने मानिसको कानमा खराब बोलीका दोषहरू परिरहन्छन् ।

बुद्धले भन्नुभयो, "पाठ गर्नु भनेको मुखहरूबाट मोती वर्षाउनु हो र धर्म प्रचार गर्नु मुखबाट ज्योति चम्काउनु हो । शंका गर्नुभनेका काठका छ्याकन चपाउनुजस्तो हुन्छ । त्यस्तै एउटा भनेर अर्को गर्नु भनेको तल झारिराखेका तरबारजस्तो हुन्छ र फोहोर भाषा टोक्ने कीरा जस्तो हुन्छ ।" बुद्धले भन्नुभयो मीठो बोली बोल्नु मुखबाट सुगन्ध निकाल्नु हो भने इमानदार शब्दहरू नरम रेशम जस्तो मुलायम हुन्छन् । उहाँले भन्नुभयो, "कपटीपूर्ण भाषा भनेको छल गर्न राखेको खाल्टोमाथिको छोप्ने कपडाको टुक्राजस्तो हो । फोहोर खराब भाषा डरलाग्दो दुर्गन्ध जस्तो हुन्छ ।"

बुद्धले बोलीको प्रदूषणबारे बोल्नुभएका कुराहरू स्पष्ट गर्न यी उपमाहरू प्रयोग गरिएका हुन् ।

हाम्रा जीवनहरूमा सहयोग गर्ने इच्छा व्यक्त गर्ने माध्यमहरू भाषाहरू नै हुन् । पेशागत जीवनमा हामी सफल वा असफल हुन्छौं भन्ने कुरा निर्णय गर्ने मुख्य तत्त्व नै भाषा हो । बौद्धहरूका नाताले एकअर्कामा धर्म सञ्चार गर्ने माध्यम नै भाषा हो । यही नै बुद्ध धर्म सिक्ने तरिका हो । बि.एल.आइ.ए.का सबै सदस्यहरूले भाषाको प्रयोगको विषयमा विशेष ध्यान दिनुपर्छ ।

म यहाँ कमजोरीहरूलाई उत्साह दिन कोशिस गरिरहेको होइन अथवा हामीले सुनेका सबै कुराहरूलाई मञ्जुरी दिने निस्क्रिय बानीलाई पनि प्रोत्साहन दिन खोजिरहेको होइन। यस्तो किसिमका भाषाले खराब सूचना दिन सक्छ। हाम्रा आस्थामा दृढता हुनुपर्छ र बुद्ध धर्मको सत्यमा पनि आस्थावान हुनुपर्छ। सम्पर्कमा आउने भेटेका सबैसँग सामञ्जस्यपूर्ण सम्बन्ध स्थापना गर्ने इच्छा र करुणाबारे जति भन्नुपर्छ त्यतिकै आत्मविश्वासबारे पनि भन्नुपर्छ।

मुखले ठूलो पाप पैदा गर्नसक्छ भने यसले धेरै असल कुरा पनि सिर्जना गर्नसक्छ। हाम्रा मुखहरू हाम्रा मन्दिरहरू हुन् र तिनीहरू बुद्ध धर्मबाट प्राप्त हुने परम आनन्दलाई अभिव्यक्त गर्ने सबभन्दा राम्रा र असल साधनहरू पनि हुन्।

**हामीले असल काम गर्नुपर्छ**

बुद्ध धर्म कठोर मानसिक धर्म कहिल्यै हुन सक्तैन जसमा हामी हरसमय कुरा गरिरहन्छौ र भने अनुसार कहिल्यै गर्दैनौं। बोल्नु धेरै महत्त्वपूर्ण कुरो हो तर भने अनुसार गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

धम्मपदले भन्छ, "बोल्छ तर बोलेअनुसार काम गर्दैन भने त्यो मान्छे चोरिएको बत्तीजस्तो हुन्छ जसको ध्वाँसोद्वारा ऊ आफै पोतिएको हुन्छ। यो सानो मानिसको बुद्धि हो। मुखले बोलेको अनुसार काम गर्ने मानिस सूर्य र चन्द्रजस्तै जाज्वल्यमय हुन्छ। ऊ सबै प्राणीको हेरविचार गर्छ र सबै धर्महरूको मद्दतका लागि आउँछ। यो ठूलो मान्छेको प्रकाश हो। कार्य भूमि जस्तै हो जसबाट सबै स्वाभाविक स्वरूप निस्कन्छ।"

एकजना बौद्ध बोलीहरू अनुसार कार्य गर्न होसियार हुनुपर्दछ। असल कार्यहरू धेरै छन् जुन हरेक दिन हामी गर्न सक्छौं। तिनीहरू सबै महत्त्वपूर्ण हुन्छन्। मेरो रायमा हामीले सबभन्दा राम्रो गर्न सकिने काम बि.एल.आइ.ए. मा सहभागी हुनु हो। बि.एल.आइ.ए. त्यस्तो वातावरण र परिस्थिति हो जहाँ हामी बुद्ध धर्म अभ्यास गर्न सक्छौं जहाँ असल कार्यहरू धेरै गुणाले विस्तार हुन सक्छन्। हामीले व्यक्तिगत रूपले काम गर्दा हाम्रा ऊर्जाहरू छरिन्छन् र अक्सर गरेर ती महत्त्वहीन र अनावश्यक हुन जान्छन्। बि.एल.आइ.ए. का माध्यमद्वारा काम गर्दा हामीले गरेका कामहरूका प्रभावहरूलाई अधिकतम् बढाउन सक्छौं। एकजना व्यक्तिले भन्दा समूहले अत्यधिक काम गर्न सक्छ। बि.एल.आइ.ए. को उद्देश्य नै विश्वव्यापी समाजमा बौद्धहरूलाई एकसाथ खिच्नु हो। यस्तो किसिमको समूहमा व्यक्तिगत बुद्धि र विकासका लागि धेरै मौकाहरू प्राप्त हुन्छन्। त्यस्तै अरूहरूका समृद्धि र विकासको लागि हामीले अधिकतम सम्भव मद्दत पुऱ्याउने हुन्छौं।

बि.एल.आइ.ए. का धेरै योजनाहरू छन्। आफूलाई बढी प्रेरणादायी योजनाहरू हरेक सदस्यले छान्न सक्छ। वाता-वरणको असलका लागि काम गर्ने समूहहरू पनि छन्। झ्याल-खानाहरू, विद्यालयहरू र अस्पतालहरू भ्रमण गर्ने समूहहरू छन्। प्रकाशन गर्ने र अनवाद गर्ने योजनाहरू छन्। बि.एल. आइ.ए.ले चलचित्रहरू, रेकर्डिङ र रेडियो कार्यक्रमहरू पैदा गर्छ। यी सबै क्षेत्रहरूमा हामीलाई सहयोग चाहिन्छ। समुदायमा केही गर्नुपर्ने आवश्यकता महशुस गर्छौं र ती बि.एल.आइ.ए.का आदर्शहरूसँग मेल खान्छन् भने तिमीसँग मिलेर यो काम गर्ने अरूहरूलाई पत्ता लगाउन कोशिस गर।

संसारलाई राम्रो गर्न हाम्रा सिर्जनात्मक शक्तिहरूको सदुपयोगका लागि हामीसँग अनगिन्ती तरिकाहरू छन्। हार्दिक सौहार्दता र करूणाका आधारमा अरूसँग मिलेर काम गर्दा ती कार्यहरूका असल प्रभावहरू धेरै गुणा बढ्छन्।

काम गर्न योग्य र असल योजनाहरूमा सक्रिय हुन सके अथवा सहभागी हुन सके हामी सबैको भलाइ हुने हुन्छ। आफ्ना जीवनहरू बढी उपयोगी भएका अनुभव गर्ने बित्तिकै हामी आफैमा समझदारी बढ्ने र हामीले गरेका कामहरूबाट अरूहरूले पनि फाइदा उठाउनेछन्। बि.एल.आइ.ए. जस्तो समर्पित समूहमा सक्रिय सहभागिताबाट हामीलाई पुण्य मिल्छ साथै यो विश्वलाई अझ राम्रो बनाउनेतिर यसको काम अगाडि बढ्नेछ। मानवजातिको असलको लागि धर्मको अवलम्बन गरेर सबैसँग एकताबद्ध भएर समुदायहरू र राष्ट्रहरूका लागि ऋण तिर्न अघि बढ्नु जस्तो राम्रो अर्को उपाय केही छैन।

एउटा भनाइ छ, "धेरै असल गर्न डराउनुपर्दैन।" सबै बि.एल.आइ.ए. सदस्यहरूले यो उक्तिलाई मनन् गर्नुपर्छ। आपसी सहयोग हामी सबैको समृद्धिको लागि आवश्यक भएजस्तै विश्वलाई हाम्रो सहयोगको जरुरी पर्छ। बि.एल.आइ.ए. क्रियाकलापहरूमा हप्ताको कम्तीमा आधा दिन समय सबै सदस्यहरूले देलान् भनेर म आशा गर्दछु। तिमीले प्रदान गरेको समयको यो उपहारलाई कहिले पनि नाप्न वा तौलन सकिदैन। यो करूणा वा प्रकाशजस्तो छ। यसलाई देख्न र अनुभव गर्न सकिन्छ तर कहिले पनि मापन गर्न सकिदैन।

**हामीहरू असल मानिसहरू हुनुपर्छ**

बुद्ध धर्मको आधारशीला भनेकै मानव प्रकृति हो। तिमी खराब व्यक्ति छौ भने कहिले असल बौद्ध बन्न सक्दैनौ। यो स्पष्ट र खुल्ला कुरा भए पनि यसलाई प्रायः गरेर बेवास्ता गरी न्यून बनाइदिन्छ। मानिसहरू धेरै तरिकाहरूद्वारा आफै मूर्ख भइदिन्छन्। बुद्ध धर्म अभ्यास गर्न साताको अन्तिम दिनहरू पर्खनुपर्दैन। जीवनको हरेक पलमा तिमीले अभ्यास गर्नुपर्छ। बुद्धले भन्नुभए अनुसार खास गरेर मानिसहरूले गर्ने पाँचवटा अमानवीय कार्यहरू छन्। तिनीहरू (क) हाँस्नुपर्ने ठाउँमा नहाँस्ने (ख) आनन्दित हुनुपर्ने बेला आनन्दित नहुने (ग) करूणायुक्त हुनुपर्ने समयमा त्यस्तो नहुने (घ) खराब कुरा सुन्दा, सुन्न नरोक्ने (ङ) असल कुराहरूबारे सुन्दा खुसी नहुने।

मेनसियसले त्यस्तै मिल्ने कुरा भने, "मानिसहरूमा दया र लज्जाको अभाव हुँदा उनीहरू अमानवीय बनिदिन्छन्। शब्दहरू कठोर भएको बेला र ठीक-बेठिक छुट्ट्याउने शक्ति हराएको बेला मानिसहरू अमानवीय बन्छन्।"

विश्वका ऋषिमुनिहरूले त्यस्ता मिल्दाजुल्दा कुराहरू धेरै गरेका छन्। ती कुराहरू सत्य भएकै कारण धेरै ठाउँहरूमा धेरैपटक दोहोऱ्याएर भन्ने गरिन्छन्।

नैतिकता र अनैतिकताको भिन्नता देख्न गाऱ्हो छैन। उत्तर दिन गाऱ्हो धेरै कठिन नैतिक प्रश्नहरू हामी औंल्याउन सक्छौं। हाम्रा जीवनमा ठीक-बेठिक छुट्ट्याउने विवेक थाहा पाउन हामी योग्य छौं। धेरैजसो कुराहरूमा हामीले के गर्नुपर्छ भन्ने कुरा स्पष्ट छ।

मानवता विषयको हाम्रो ज्ञान नै बुद्ध धर्मको आधारशीला हो। ■

*(साभार- बुद्धज्योति युग बुद्धज्योति अन्तर्राष्ट्रिय संघ (बि.एल.आइ.ए.)का सदस्यहरूलाई एउटा पत्र) अन्तरराष्ट्रिय बौद्ध अनुवादक संस्थाद्वारा अंग्रेजीमा अनुदित देवकाजी शाक्यद्वारा नेपालीमा अनुदित।*



Downloaded from http://www.dhamma.digital

# नेपालमा बुद्धधर्म विकासका लागि चालिनुपर्ने कदमहरू-३



डा. लक्ष्मण शाक्य

**(२) बौद्ध स्वयम् सेवक संघको अवधारणा विकास गर्नुः**

समाजका नेतृत्व वर्गले परोपकार नै धर्म र परपीडा नै पाप भन्ने नैतिक सिद्धान्तलाई व्यापकरूपमा प्रचारप्रसार र पालन गर्ने वातावरण सिर्जना गर्नुपर्छ । यसको लागि सामाजिक संघसंस्था खोल्ने र स्वयंसेवक संघहरूलाई प्रोत्साहन दिनुपर्नेछ । वर्तमान युगमा बौद्ध स्वयंसेवक संघको अवधारणालाई व्यावहारिकरूपमा अगाडि बढाउन आवश्यक छ । यसलाई बालक, युवक, ज्येष्ठ र वयस्कस्तरमै परिभाषित गरी राष्ट्रियस्तरमै संयुक्तरूपमा परिचालन गर्नु पर्ने देखिन्छ ।

**(३) बौद्ध शिक्षालाई संस्थागतरूपमा परिचालन गर्नु :**

अहिलेसम्म ७० वर्षको दौरानमा अखिल नेपाल भिक्षु महासंघको तर्फबाट बौद्ध परियत्ति शिक्षालाई व्यापकरूपमा अगाडि बढाइरहेको निकै सराहनीय विषय हो । यसलाई परिमार्जित गरी अन्य मुलुकको दाँजोमा सरकारी मान्यता प्राप्त गर्ने, गराउने प्रयास हुनु नितान्त आवश्यक देखिन्छ । त्यस्तै विद्यालय, महाविद्यालय र विश्वविद्यालयस्तरमा बौद्ध अध्ययन विषय लिएर पढ्न पाउने प्रावधान हुनु युगको माग हो भने नेपालको परि प्रेक्ष्यमा लुम्बिनी बौद्ध विश्वविद्यालयलाई सक्दो चाँडै यसको उद्देश्य र लक्ष्यअनुरूप काम कार्य गर्न सरकारले अनुकूल वातावरण बनाई दिनु मुलुकका लागि नै लाभदायी हुनेछ भन्ने भावना जगाउनु पर्दछ । कमसेकम बौद्ध अध्ययन प्रतिष्ठान जस्ता प्राज्ञिक संस्थानहरूलाई जनघनत्व हेरी ठाउँ, ठाउँमा स्थापना गर्नु र प्रोत्साहन दिनु आवश्यक देखिन्छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय बौद्ध अध्ययन विभाग सञ्चालन भएको पनि अनुमोदित छ ।

उपरोक्त तीन विषय मध्येमा सबभन्दा बढी महत्वपूर्ण विषय कुन हो भन्ने बारेमा यस गोष्ठीमा उपस्थित तपाई बुद्धिजीवी, महानुभावहरू बीचमा छलफल गरी, कुनै एक ठोस निष्कर्षमा आएर लक्ष्य प्राप्तिको लागि संयुक्तरूपमा प्रयास गर्नु आवश्यक देखिन्छ । यसले गर्दा व्यक्ति, संघ र मुलुककै विकास र उन्नति गर्न टेवा मिल्न सक्नेछ । थेरवाद बुद्धशासनको मौलिक मान्यताअनुरूप यो विषय अत्यन्त महत्वपूर्ण देखिन्छ । समाजलाई शिक्षित र स्वस्थ बनाउनु भनेकै प्रत्येक व्यक्ति शिक्षित र स्वस्थ हुनु पनि हो । व्यक्तिगत स्वार्थ केही हदसम्म त्यागेर भए पनि सामूहिक हक, हितलाई जोगाउनु बुद्धिमानी ठहरिन्छ । यसलाई उच्च मूल्याङ्कन दिनुपर्छ ।

**(७) उपसंहार :**

उपरोक्त सम्पूर्ण विषयहरूलाई विचार गरी यो निष्कर्षमा आउँछ कि निकट भविष्यमा एउटा थेरवाद बुद्ध शासन ऐनको तर्जुमा गर्न आवश्यकता भएको देखिन्छ । सो ऐनले मूलभूत रूपमा निम्न पाँच वटा विषयमा केन्द्रीत हुन उपयुक्त हुन्छ ।

१) थेरवाद बौद्ध विहारहरू विधिवत दर्ता गर्ने,
२) थेरवाद भिक्षु, अनागारिकाहरू (भिक्षुणी) को नाम दर्ता र संघ संचालन मियमित गराउने,
३) थेरवाद बौद्ध धर्मको प्रचार र प्रवर्द्धनको लागि दान दातव्यको नियमावली बनाई कल्याण कोष स्थापना गर्ने,
४) थेरवाद बौद्धहरूको सदस्यता, शिक्षा र दायित्वको व्यवस्था मिलाउने र
५) भिक्षु, अनागारिका (भिक्षुणी), उपासक, उपासिकाको संघ संचालन विधि-विधान वा वडापत्र तयार गर्ने ।
६) प्रव्रजित भिक्षु, श्रामणेर तथा अनागारिका गुरुमांहरू बृद्ध भएपछि विरामी हुँदा उहाँहरूको सेवा र उपचार गर्नको निम्ति कोष व्यवस्था गर्ने ।

अन्तमा यस संक्षिप्त कार्यपत्र टुंगो लगाउनु भन्दा अगाडि नेपालमा बुद्धधर्म प्रचारका लागि चालिनुपर्ने कदमहरू विषय बनाएर यस भव्य सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुभएकोमा थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्का सबै आदरणीय पदाधिकारी तथा सदस्यहरूलाई, विशेष गरेर यस परिषद्का अध्यक्ष बखतबहादुर चित्रकार, उपाध्यक्ष कृष्णकुमार प्रजापति, सचिव विष्णुरत्न शाक्य, कोषाध्यक्ष संघरत्न शाक्य र सल्लाहकार लोकबहादुर शाक्यज्यूहरूलाई विशेष धन्यवाद तथा कृतज्ञ ज्ञापन गर्दछु । उपस्थित सम्पूर्ण बुद्धधर्म प्रेमी तपाई कल्याणमित्रहरूमा हार्दिक धन्यवाद छ । ■

चिरं तित्थतु सघ्दम्मो-भवतु सब्ब मंगलं !



Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# मिलिन्द-प्रश्न – १२

## (दोस्रो परिच्छेद)



अनु. आनन्द प्रधान

**(च) ज्ञानको पहिचान**

राजाले भन्नुभयो– "भन्ते ! ज्ञानको पहिचान के हो ?"

"महाराज ! मैले भनिसकेको छु कि 'काटनु' ज्ञानको पहिचान हो र 'देखाउनु' पनि एउटा अर्को पहिचान हो ।"

"भन्ते ! 'देखाउनु' ज्ञानको पहिचान कसरी हो ?"

"महाराज ! ज्ञान उत्पन्न हुँदा अविद्या (अज्ञानता) रूपी अन्धकार हराएर जान्छ, विद्यारूपी प्रकाश (उज्यालो) उत्पन्न हुन्छ, जसमा चारैओटा आर्यसत्य स्पष्ट देखिन्छन् । त्यति बेला योगीले अनित्य, दुःख र अनात्मलाई राम्रोसित ज्ञानले जान्नुहुन्छ ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै मान्छेले हातमा बल्दै गरेको दियो लिएर कुनै अध्याँरो कोठामा जान्छ । ऊ जानेवित्तिकै अध्याँरो हराएर जान्छ सारा कोठा उज्यालोले भरिन्छ र सबै चीजहरू देखिन थाल्छन् । महाराज ! उसरी नै ज्ञान उत्पन्न हुँदा अविद्यारूपी अध्याँरो हराएर जान्छ विद्यारूपी प्रकाश उत्पन्न हुन्छ जसमा-चारैओटा आर्य-सत्य देखिन्छन् । त्यति बेला योगीले अनित्य, दुःख र अनात्मलाई जान्नुहुन्छ । महाराज !. यसरी 'देखाउनु' ज्ञानको पहिचान हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

**(छ) सबै धर्महरू एकजुट भएर एउटै काम**

राजाले भन्नुभयो– "भन्ते ! के यी सबै भिन्न भिन्न धर्महरू एक जुट भएर कुनै काम गर्छन् ?"

"हो महाराज ! यिनीहरू सबै एकजुट भएर तृष्णा समूह (इच्छा समूह, राग समूह) नष्ट गर्छन् ।"

"भन्ते ! यो कसरी गर्छ ? कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! हात्ती, घोडा, रथ तथा पैदल सैनिक धेरै किसिमका सेना भए पनि 'शत्रुलाई हराउनु' एउटै मात्र काम गर्छन् । उसरी नै धेरै किसिमका पुण्य-धर्म एक जुट भएर तृष्णा समूहलाई नष्ट गर्छन् ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

॥ पहिलो वर्ग समाप्त ॥

**९. वस्तुको अस्तित्वको सिलसिला (क्रम श्रृङखला)**

राजाले भन्नुभयो– "भन्ते ! जो उत्पन्न हुन्छ त्यो उही व्यक्ति हो अथवा अर्कै व्यक्ति हो ?"

स्थविरले भन्नुभयो– "न उही हो न अर्को नै हो ।"

१. "कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जुन समयमा तपाईं धेरै सानो बालक हुनुहुन्थ्यो खाटमा उत्तानो परेर मात्र सुत्नुसक्नुहुन्थ्यो भने के तपाईं अहिले पनि यत्रो ठूलो हुनुभएर उही नै हुनुहुन्छ ?"

"होइन भन्ते ! अब म अर्कै भइसकें ।"

"महाराज ! यदि तपाईं उही बालक हुनुहुन्न भने अब तपाईंको कोही आमा पनि हुनुहुन्न, बाबु पनि हुनुहुन्न, कोही शिक्षक पनि हुनुहुन्न र कोही शीलवान (सदाचारी) अथवा ज्ञानी पनि हुनसक्नुहुन्न । महाराज ! किनकि भिन्नभिन्न अवस्थाको पनि भिन्दाभिन्दै आमाहरू हुनुहुनेछिन, ठूलो भएपछि आमाहरू पनि भिन्न हुनुहुनेछिन् । जसले सीप सिक्छ त्यो अर्कै र सिकेर तयार हुन्छ त्यो अर्कै हुन्छ । दोषी काम गर्ने एउटा हुन्छ कुनै अर्कोको हातखुट्टा काटिन्छ ।"

"होइन भन्ते ! तर तपाईंले यो कुराले के भन्न खोज्नु भएको हो ?"

स्थविरले भन्नुभयो– "महाराज ! म बाल्यकालमा अर्कै थिएँ र यो समयमा ठूलो भएर अर्कै भएको छु तर भए तापनि ती सबै भिन्नभिन्न अवस्थाहरू यही शरीरमा घटने भएकोले एउटैमा लिनेगरिन्छ ।"

**२. "कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"**

"महाराज ! यदि एउटा मान्छेले दियो बाल्यो भने के त्यो रातभरि बलिरहन्छ ?"

"हो भन्ते ! रातभरि बलिरहन्छ ।"

"महाराज ! रातको पहिलो पहरमा जुन दियोको प्रकाश थियो के त्यही प्रकाश दोस्रो अथवा तेस्रो प्रहरमा पनि बसिरहन्छ ?"

"रहँदैन भन्ते ।"

"महाराज ! त्यसो भए के त्यो दियो पहिलो प्रहरमा अर्कै दोस्रो र तेस्रो प्रहरमा अर्कै भएर जान्छ ?"

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# युवा वर्ग हो सचेत बनौं
## व्यक्तिगत सचेतता र नैतिकतानै देश समाजको विकासको मुल आधार



शिशिल चित्रकार

कुनै पनि देशको विकास र समृद्धिको लागि समाजको सबै वर्गको भूमिका महत्वपूर्ण हुनेमा कसैको दुईमत नहोला । जब सम्म समाजमा रहने सबै वर्ग, क्षेत्र, जाती आदिको समानुपातिक विकास भएको हुँदैन, त्यहाँ विषम परिस्थिति, विकृति, अन्याय, अत्याचारजन्य समस्याहरूले पनि संग संगै आश्रय पाईनै रहेको हुन्छ । अझ हाम्रो जस्तो देश जहाँ भौगोलिक विकटता, विभिन्न सामाजिक रहन सहन, विभिन्न जात जातिहरू भएको समाजमा त झन विकास र समृद्धि उपलब्धी गर्न निकै गाऱ्हो हुन स्वभाविकै हुन ।

विश्वका राष्ट्रहरूका बिकसित, विकाशोन्मुख र अल्पविकसितको रेखा खिँच्नुमा त्यस देशको सामाजिक परिस्थिति, सोचाई, कार्यक्षमता आदिले निश्चयनै ठूलो भूमिका खेलेको छ । देश समाजका सामाजिक परिवेश, रीति थिती, शिक्षा, सोच आदिनै गलत छ भने व्यक्तिको सोच, कार्यक्षमता, शिक्षा त्यही कमजोरीमै रुल्मलिरहने भई आफ्नो सोच, कार्यक्षमता बृद्धि गर्न नसक्नुलाई अस्वाभाविक मान्नु पर्दैन । व्यक्तिको सोच, क्षमता, व्यवहारनै समाजको परिचय हुन् भने, व्यक्तिले आफ्नो इच्छा, क्षमता पनि सामाजिक परिवेशबाटनै पाउने भएकोले व्यक्ति र समाज एक अर्कामा अन्यायोश्रित छन् । अब हाम्रो देश समाजको सन्दर्भमा सामाजिक परिवेश गलत भएकोले सामाजिक परिवेश पनि दुषित भएकोमा संका रहँदैन । अब यहाँ समाज पहिले खराब भयो की व्यक्ति पहिले खराब भयो भन्ने हाम्रो खोजिनितीको विषय होइन किनभने यो आफैमा अण्डा पहिले की कुखुरा पहिले भन्ने प्रश्नझैं निरूत्तर हुनेछ । तर हाम्रो चासोको विषय भनेको विगतको गल्तीमा वाद विवाद गरिरहनुको सट्टा व्यक्ति, समाजमा भएको कमी कमजोरलाई पत्ता लगाई समाजलाई विकास र समृद्धि गर्नको लागि उद्योगशिल हुनु आजको आवश्यकता हो र त्यसको लागि यही समाजमा भएका व्यक्तिहरूबाट पहल हुनु आवश्यक छ । तर माथि भनिएझैं समाजकै परिवेशबाट व्यक्तिहरूको सोच, इच्छा, क्षमता हुने भएकोले (जबकी समाज स्वयं प्रदुषित छ) र व्यक्तिहरू फेरी त्यही सामाजिक परिवेशको भूमरीमानै अल्झिरहने हुनाले, व्यक्ति र समाज एक आपसमा एउटा चक्रमा डुबुल्की मारिरहेका छन् भने यस्तामा समाजको विकास र समृद्धिको कल्पना गर्न पनि निकै उराठ लाग्दो छ । तसर्थ देश समाजको सच्चा विकास गर्ने हो भने प्रत्येक व्यक्तिले आफ्नो सामाजिक परिवेश भन्दा बाहिरको सोच बनाउन अपरिहार्य आवश्यक हो भने निश्चयनै यो प्रत्येक व्यक्तिलाई चुनौति पनि हो ।

आज देशको जुन सामाजिक आर्थिक राजनैतिक माहौल छ, त्यो निकै कहाली लाग्दो छ भने निश्चयनै राजनैतिक, आर्थिक दुरावस्था आफ्नो सामाजिक परिवेश र सोचाई भन्दा पृथक हुन सक्दैनन् । के आज देश समाज विकास नहुनुमा हाम्रो मानसिक सोचाइको कमजोरी होइन ? के मानसिक दरिद्रता संगसंगै आर्थिक दरिद्रता भई गरिबीको समस्याबाट देश समाज विकासको पथ तिर अग्रसर हुन नसकेको होइन ? के देश समाज विकास नहुनु र अझ देशको हरेक क्षेत्रमा यावत समस्या देखा पर्नु सामाजिक परिवेश र सोचाईको असफलता तथा गलत माहौलनै हो भन्न काफी छैनन् ?

आज देशमा जुन किसिमको राजनैतिक वातावरण छ र विभिन्न दलहरूको आ-आफ्नै स्वार्थ प्रेरित राजनैतिक मुद्दाहरू छन्, त्यसले निश्चयनै देश समाजको वातावरणलाई झन विगार्नमा मद्दत गरिरहेका छन् । यस्तोमा देशको नेतृत्व वर्ग आफै दिगभ्रमित छ, दिशाहिन छ, अन्योल ग्रस्त छ भने देशको बहुसंख्यक जनताहरू पनि भ्रममा पर्न जान स्वाभाविकै हुन जान्छ । त्यसमा झन देशको भविष्यको कर्णधार युवा वर्गहरू दिगभ्रमित र दिशाहिन र अन्योलमै अल्झिरही अझ अल्पविकसित र गरीबीकै भूमरीमै रहिरहने भई हामीले ठूलो मूल्य चुकाउन पर्ने निश्चित छ ।

समयको आरोह अवरोह संगै परिवर्तनहरू हुनु स्वाभाविकनै हुन् तर परिवर्तन विकास तिर अग्रसर छन् की विनाशतिर उन्मुख छन् यो सोचनिय कुरा हो । आज भौतिक विकासलाई मात्र विकासको परिचायक मान्ने जुन मापदण्ड छ, त्यो स्वयम् गलत सामाजिक परिवेश र

मानसिकताको उपज मान्न सकिन्छ । के आज चिल्ला विल्डिङ्ग, मोटर कार, सडक आदिलाई मात्र विकासको पूर्वाधार मान्ने ? होइन भने आज सामाजिक वातावरण जुन किसिमले विग्रिएको छ, त्यसलाई देश समाज विनाशतिर उन्मुख भएको भन्न सकिन्छ कि सकिदैन ? आज समाजमा हुने नहुनेको बीचमा दुरी झन् झन् बढ्दै जानु, वेरोजगारीको समस्या बढ्दै जानु, उत्पादकत्वमा ह्रास आउनु, महंगी र गरीबीले देश समाजको यावत क्षेत्रमा समस्या देखा पर्नुले निश्चयनै राम्रो भविष्यको संकेत गर्दैन बरू यसले भविष्यमा अझ विकराल समस्या ल्याउने प्रष्ट छ ।

यस्तो सामाजिक र आर्थिक अवस्थामा पनि आज देशले जुन किसिमको राजनैतिक माहौल र वातावरण खडा गर्न खोजेको छ, त्यो निकै दु:ख लाग्दो छ । के आज देश समाज बहुदलिय प्रजातन्त्र, सार्वभौमसत्ता सम्पन्न जनता संविधान हक, आदिको राजनीतिमा मात्र अल्झिरहने ? देश समाजको गरिबी, भोकमारी, अनुत्पादक, सामाजिक भ्रष्टाचार दुराचार, अनाचार, बेरोजगारी आदिको निराकरणको लागि राजनीति नगर्ने ? देशको आर्थिक, मानसिक सोचाईको क्षमता अभिबृद्धि गर्न राजनैतिक पद्धतिले मात्र भूमिका खेल्दछ की सामाजिक, सांस्कृतिक, चाड पर्व आदि सहितको व्यक्तिहरूको इच्छा, शिक्षा, वातावरण, विधि व्यवहारहरूको निर्णायक भूमिका रहन्छ ?

आज विशेष गरी युवा वर्गमा देखा परेको मानसिक कुण्ठा, उच्च महत्त्वाकांक्षा, असन्तोषपन, बेरोजगारीले गर्दा लागू पदार्थको दुर्व्यशनी बढ्न जानु, समाजको अन्य क्षेत्रमा विकृति विसंगति देखा पर्नुबाट भविष्यमा देश समाजको बागडोर सम्हाल्न पर्ने युवा वर्गले पथ पर्दशकको अभावबाट आफू पनि दिगभ्रमित हुन गई भविष्यमा समेत देश समाजले सही नेतृत्व नपाउने स्वत: शिद्ध छन् । यसरी भन्ने हो भने देश समाजले विकासको झलक देख्नलाई ठूलो बाधा अवरोधको सामना गर्न पर्ने निर्विवाद हुन आउँछ र भविष्यमा समेत विकास र समृद्धिको कल्पना गर्न निरर्थक हुने छ ।

यस्तो विषम परिस्थितिमा पनि आज बिभिन्न राजनैतिक दलहरूले आ-आफ्नो दलगत स्वार्थ प्रेरीत मुद्दाहरू उठाएका छन् त्यो निश्चयनै देशको सामाजिक धरातल-गरीबी, बेरोजगारी, अशिक्षा, कमजोर मानसिकता बिर्सी देश समाजलाई दिगभ्रमित पार्ने प्रयास गर्ने आफ्नो मानशिक कुण्ठाको परिचय दिएको भन्नु पर्दछ । अझ आज जुन किसिमको राजनैतिक नाराहरू उद्घोष हुन थालेको छ, त्यसलाई व्यक्तिको बौखलाहट, बर्बराहतको रूपमा मात्र लिन सकिन्छ । अझ भन्ने हो भने यस्तो राग र ईर्ष्या र द्वेषजन्य चित्तबाट आफ्नो मन वचनबाट भईरहेको गल्तिबाट व्यक्ति आफैलाई खराब गर्ने छ ।

निश्चयनै आजको २१ औं शताब्दीको विश्व संचार माध्यमको द्रुतगती विकासले गर्दा साँघुरो भएको छ र हामी पनि विश्वको प्राविधिक विकास लगायत अन्य राजनैतिक उठलपुथल, चाहनाबाट मुक्त हुन सक्दैनौं । तर हामीले विश्वको अन्य राष्ट्रहरूको देखासिखीमात्र गर्ने की, आफ्नो सामाजिक धरातलनै कमजोर छ भने पहिला त्यसलाई सुधार गर्ने ? विकसित राष्ट्रहरूको राजनैतिक पद्धति मात्र नक्कल गर्न खोज्ने की विकसित राष्ट्रका जनताहरूको मानसिक क्षमता, आचरण, व्यवहार, राष्ट्रप्रतिको कर्तब्य र उत्तरदायित्व सहितको सामाजिक परिवेश पनि अध्ययन गरी त्यही अनुसारको हाम्रो व्यक्तिगत आचरण, व्यवहार, शिक्षामा आवश्यक सुधार ल्याउन प्रयास गर्ने की नगर्ने ? अन्यथा विकसित देशका नागरिकहरूको इमान्दारीता, लगनशीलता, कमर्थशीलतालाई नक्कल गर्न नखोज्ने तर कमजोर सामाजिक, सांस्कृतिक, आर्थिक धरातल भएको हाम्रो देश समाजमा विकसित राजनैतिक पद्धति आफैमा असफल हुनलाई आश्चर्य मान्नु पर्दैन । *क्रमश:*

## बुद्ध जयन्तिको शुभ-कामना !

■ **सरोज उदास, पोखरा-३**

आयो बुद्ध जयन्ति घुम्दै र फिर्दै
शान्तिको सन्देश चौतर्फि छर्दै
बुद्ध जयन्ति सामुमा आएको किन ?
जन्म, बुद्धत्त्व र निर्वाण चिनारी दिन ।
जागोस् जोश र होश उमङ्ग जस्तै
पानीमा फैलेको तरङ्ग जस्तै ।
फैलियोस् यश सुवास सर्वत्रै
बादल फाटेको आकाश जस्तै
चुलियोस् सम्मान सत्कार उस्तै
विश्वको अग्लो टाकुरो जस्तै ।
फुलोस् र फलोस् समृद्धि उस्तै
फलले नुगेको त्यो हाँगो जस्तै
नपरोस् दु:ख र कष्ट आपत कसैलाई
सुख र शान्ति मिलोस् सबैलाई ।
जागोस् जनमन सदा मैत्री र सद्भावना
बुद्ध जयन्तिको मङ्गलमय शुभ-कामना ।



Downloaded from http://www.dhamma.digital

# आफू राम्रो भए सबै राम्रो हुनेछ

**वीर्यवती**

राजकाजको कार्यबाट फुर्सद पाई झ्यालमा बसिर हेका वाराणशी राजाले एकाएक बाहिर बाटोमा शान्त र इन्द्रिय संयमित एक तपस्वी देखे । तपस्वीको शान्त दान्त एवं मैत्रीयुक्त रूप देखी प्रभावित भएका राजाले तपस्वीलाई राजदरवारमा निमन्त्रणा गर्नका लागि एक दूत खटाए ।

राजाका दूतले बाटोमा तपस्वीको भिक्षापात्र लिँदै राजाको निमन्त्रणा प्रस्तुत गर्दै भन्नथाले–

"भन्ते ! तपाईंलाई राजाले निमन्त्रणा गर्नुभएको छ ।"

यो कुरा सुनी तपस्वीले भन्नुभयो– "म हिमालय निवासी व्यक्ति । यस नगरमा भिक्षाटनका लागि आइरहेको छु । राजदरवारमा आवतजावत गर्ने बानी छैन ।"

यो कुरो सुनी दूतले भन्यो–

"होइन भन्ते ! हाम्रो राजा हजुर जस्तो ज्ञानी व्यक्तिको दर्शन गर्न र ज्ञान सिक्न साह्रै इच्छुक हुनुहुन्छ । त्यसैले उहाँले यहाँ समक्ष पठाउनुभएको निमन्त्रणा स्वीकार गरी पाल्नुभएमा ठूलो उपकार हुने थियो ।"

दूतको याचना स्वीकार गर्नुहुँदै आखिर तपस्वी राजदरवार प्रवेश गर्नुभयो । राजा खुशी हुँदै तपस्वीलाई स्वागत गरी प्रणाम गर्दै सेतो छत्र ओढाइएको स्वर्ण सिंहासनमा बसाइयो । त्यसपछि राजाले आफूलाई भनी तयार गरिएको राजकीय भोजन तपस्वीलाई चढायो ।

भोजन पश्चात् राजाले तपस्वीलाई राजदरवार परिसर भित्र रहेको बगैंचामा रहिदिनुहुन अनुरोध गर्न थाल्यो । तपस्वीले पनि राजाको अनुरोध स्वीकार्नुभयो । फलस्वरूप राजाले आफ्नो बगैंचामा तपस्वीको लागि एक पर्णशाला निर्माण गर्न लगाई उक्त पर्णशालामा तपस्वी रहने व्यवस्था मिलाए । बगैंचालाई तपस्वीको लागि आवश्यक सबै सुविधा मिलाउने आदेश दिई आफु दरवार फर्के । त्यसपछि हरेक दिन राजा तपस्वीको सेवामा दिनको दुईतिन पटक पर्णशाला पुग्ने गर्थ्यो ।

उक्त राजाको दुन्ट कुमार नाम गरेको एक राजकुमार थियो । दुन्ट राजकुमार अति दुष्ट एवं क्रोधी र कठोर स्वभावका थिए । कसैले उसंग बोल्ने हिम्मत गर्दैनथे । त्यस राजकुमारले राजा लगायत राजपरिवारका कुनै पनि सदस्यहरूलाई हप्काउन वेर लाँउदैनथ्यो । यसको उद्दण्ड एवं खराब स्वभाव कसैलाई मन नपरे पनि यसको विरूद्ध नाता कुटुम्ब, मन्त्री, राजपुरोहित लगायत अन्य भाइभरदारहरू कसैले केही बोल्न सकिरहेका थिएनन् ।

आफ्नो छोराको यस्तो कुबानी देखी राजा ज्यादै चिन्तित रहने गर्थ्यो । एकदिन उसले सोच्न थाल्यो–

"मेरो यस छोरोलाई यही शीलवान तपस्वी बाहेक अरू कसैले तह लगाउन सक्ने छैन । तपस्वीकै हातमा यसलाई सुम्पिदिन बेस होला । यति सोची उक्त क्रोधी राजकुमारलाई तपस्वी सामु लगी राजाले विन्ति गर्न थाल्यो–

"भन्ते ! यो राजकुर्मार ज्यादै क्रोधी र कठोर स्वभावको छ । हामीले यसलाई तह लगाउन सकेनौं । यसलाई जसरी शिक्षा दिनुपर्ने हो त्यसरी नै शिक्षा दिलाई यसको भविष्य सपार्न पाए मैले सन्तोषको स्वास फेर्न पाउने थिएँ । त्यसैले यसलाई हजुरको जिम्मामा छोड्न ल्याएको छु । आज देखि यो हजुरको शिष्य भयो ।"

यति भनि राजाले राजकुमारलाई तपस्वीको जिम्मामा छोडी दरवार फर्के । तपस्वीले पनि राजाको समस्या समाधान गर्ने वचन दिनुभयो ।

तपस्वीले एकदिन राजकुमारलाई साथमा लिई बगैंचा घुम्न जानुभयो । यही क्रममा तपस्वीले राजकुमार लाई एउटा पात भएको नीमको सानो बोट देखाउँदै भन्नुभयो–

"राजकुमार ! यस बोटको एउटा पात टिपी यसको रस चाखेर हेर त । कस्तो हुँदो रहेछ ।"

आफ्ना गुरु तपस्वीको आज्ञा पालन गर्दै राजकुमारले उक्त पात टिपेर खाएछ । पातको रस चपाउँदा राजकुमारको जीऊ सिरिङ्ग हुन थाल्यो । पातको रस सहनै नसक्ने तरिकाले तीतो रहेछ । क्रोधी राजकुमार को क्रोधको सिमा नाघेछ । फलस्वरूप उसले रिसाउँदै थू थू गर्दै चपाइएका पातका टुक्राहरू भुइँमा थुक्न थालेछ । यो देखी तपस्वीले सोधेछ–

"के भो राजकुमार ? किन थुकेको ?"

राजकुमारले भन्यो– "भन्ते ! यो विरूवा त हलाहल विषको विरूवा पो रहेछ । यो विरूवालाई ठूलो बनाउन हुन्न । ठूलो भएपछि त यसले धेरै मानिसहरूको ज्यान नै लिने खतरा छ । एउटा मात्र पात भई चार

अंगुलको मात्र उचाई रहेको यस बोट अहिले नै यसको रस यति खतरनाक छ भने ठूलो भएपछि यसले कति हानी गर्ने होला ।"

यति भन्दै उसले त्यस नीमको बोट उखेली हातले माडेर च्यातचुत पार्दै रीसले फालिदिएछ ।

कुमारको यस्तो वचन सुनी तपस्वीले यसलाई सम्झाउँदै भन्नुभयो–

"कुमार ! तिमीले ठीक भन्यौ । सानोमा नै यस्तो तीतो रस भएको विरूवा ठूलो भएपछि कति तीतो हुने होला हगि ? तीतो रस धेरैलाई मन नपर्ने रहेछ । त्यसैले तिमीले यस बोटलाई उखेलेर नै टुक्रा टुक्रा पार्दै फ्याँक्यौ । ठीक त्यसरी नै कडा वचन र कठोर व्यवहार पनि सबैको लागि तीतो नै हुन्छ । राजकुमार ! यस देशमा जनताहरूले पनि तिमी क्रोधी र कठोर स्वभाव भएको कुरा थाहा पाइरहेका र अनुभव गरिरहेका छन् । क्रोधी र कठोर स्वभाव यस बोटको तीतो स्वाद जस्तै कसैलाई मन पर्दैन । जसरी यो बोट ठूलो भएपछि कतिलाई हानी गर्ला भनी तिमी डरायौं, त्यसरी नै क्रोधी स्वभाव भएका तिमीले ठूलो भएपछि कसरी राज्य चलाउला ? राज्यको उन्नति कसरी गर्ला, निर्दोष जनतालाई दुःख दिने त होइन यसले ? ... आदि आदि भन्दै त्रसित छन् उनीहरू । यदि तिमीले आफ्नो खराब बानी त्याग्न सकेनौं भने तिमीले जसरी यस विरूवा उखेली फालिदियौ, त्यसरी नै जनताले पनि तिमीलाई राज्य नदिईकन देशनिकाला गर्न बेर लगाउँदैनन् । यस्तो गऱ्यो भने के गर्ने ? भन त ! त्यसैले तिमीले पनि नीमको बोटको तीतो रस जस्तै आफ्नो कडा मिजास र खराब बानी व्यवहार त्यागी आज देखि शान्त स्वभावले रही सबैलाई आफू जस्तै ठानी दया माया र स्नेह गर्न सिक ।"

गुरु तपस्वीको यस्तो ज्ञानवर्द्धक उपदेश सुनी राजकुमार निन्द्राबाट ब्युँझिए जस्तै भई आफ्नो खराब आचरणलाई चिन्न सक्षम भए । फलस्वरूप आफ्नो गलतीहरूलाई आफैले महशूस गरी त्यस दिनदेखि उसले आफ्नो अभिमानी स्वभाव र क्रोधी स्वभाव त्यागी शान्ति, मैत्री र दयायुक्त व्यवहार अपनाउँदै लोकप्रिय बन्दै रमाइलो र सफल जीवन जिउन थाले ।

त्यसैले आफ्नो जीवन सफल पार्ने र असफल पार्ने कार्य आफैमा निर्भर रहेको हुन्छ । ■

## बैशाख पुन्हीं हे मखुला !

**■ राज शाक्य, चाकुपाट, यल**

थ:छेँ वंम्ह रानी महामाया देवी, यात्रां क्लान्त हरन्त जुया:
विश्रामयात लुम्बिनी वनस, प्रकृतिया सुन्दर छवि स्वया: ।
उथाय् हे प्रसव वेदना रानी, तेजस्वी बालक जन्म बिल
जूगु सिद्धार्थया जन्म व दिं बैशाख पुन्हीं हे मखुला !

या:वन सिद्धार्थ नगर परिक्रमा, चोना सारथि छन्दकया रथे
दु:खं व्यथित जुल सिद्धार्थ अति हे, खना: वृद्ध, रोगी, सीम्ह पञे ।
खन हाकनं तेजस्वी भिक्षु, जुल वीतरागी सांसारिक दु:ख खना:
सत्य पथ ल्वीका: दु:खं मुक्त जुयेत, महाभिनिष्क्रमणयात राज्य सुख त्वाना: ।
यागु सिद्धार्थ महाभिनिष्क्रमण, व दिं आषाढ़ पुन्ही हे मखुला !

कंकाल जुयेक घोर तपस्या यात, नये त्वनेगु फुक परित्याग याना:
ल्वीके मफया: सत्य प्रज्ञा ज्ञान यात विपश्यना ध्यान मध्यम मार्ग जोना:
उद्य जुल सत्य प्रज्ञा रश्मि, ध्वंश जुल, जन्म मरणया दु:ख बन्धनं
दक्को मार त्याका: विजयी जुया:, जुल "बुद्ध" ल्वीका: सम्यक् बोधिज्ञान
जूगु सिद्धार्थ सम्यक् सम्बुद्ध व दिं बैशाख पुन्हींहे मखुला !

बुद्ध जुया: मार्ग केना बिज्यात, दु:खं मुक्त जुयेत जन-जनयात
चतुरार्य सत्य, अष्टांगिक मार्गया उपदेश बिल, दु:खया हेतु तृष्णा मदेकेत
विश्व शान्तिया पुसा ख: सत्य, अहिंसा, करूणा, प्रेम, मैत्री भावना क्ना:
पीन्यादं तक धर्म प्रचार यायां, जुया बिज्यात निर्वाण, लोकहित याना:
जूगु बुद्ध महापरिनिर्वाण, व दिं नं बैशाख पुन्हीं हे मखुला !

***"असत्यवादी नरकमा जान्छ, गरेर पनि गरेको छैन भन्ने नरकमा पनि जान्छ, यी दुवै प्रकारका नीचकाम गर्ने मानिसहरू मृत्यु पछी समान हुन्छन् ।" – धम्मपद***



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्ममा नारी पुरुष बीच समानता



इन्दावती गुरुमां
*'परियत्ति सद्धम्म कोविद'*

**"इत्थीपि हि एकच्चिया, सेय्या पोस जनाधिप ।**
**मेधावी सीलवती, सस्सुदेवा पतिब्बता ॥**
**तस्स यो जायति पोसो, सूरो होति दिसम्पति ।**
**तादिसा सुभगिया पुत्तो, रज्जं पि अनुसासति ॥**

अर्थ– जुन महिला बुद्धिमती, शीलवती भई आफूभन्दा जेष्ठ गण्यमान्यहरूलाई आदर गौरब गर्छिन, आफ्ना सासु ससुराहरूलाई देवता समान गौरब राखी सत्कार पूर्वक कर्तव्य निभाउँदै पतिव्रता धर्म पालन गर्छिन, त्यस्तो महिला पुरुषहरूको दाँजोमा श्रेष्ठ र उत्तम हुन्छिन् । यसको साथै यस्ती गुणिलो महिलाको तर्फबाट जन्मलिने बालक शूर, वीर, प्रख्याती एवं दिशा प्रमुख सम्म पनि हुन सक्षम हुनेछ । त्यस्ती सौभाग्यवती महिलाको छोराले राज्य अनुशासन पालन गरी विश्वलाई नै सुख शान्ति दिन सक्षम हुनेछ ।

यी माथि उल्लेखित गाथा भगवान् बुद्धले कोशल राजाको लागि आज्ञा हुनुभएको थियो ।

एक दिन कोशल राजा जेतवन विहारमा भगवान् बुद्ध संग कुसल वार्ता गरिरहेका थिए । त्यही बेला एक जना दूत आई राजाको कानमा उहाँकी महारानी मल्लिकाले छोरी जन्माएकी खबर सुनाए । खबर सुन्ने बित्तिक्कै राजाको अनुहार निन्याउरो भयो । सोही बखत राजाको चिन्ता शान्त गर्न भगवान् बुद्धले उपदेश दिनुभयो । यसबाट थाहा हुन्छ कि, बुद्धकालिन समयमा पनि नारी जातीलाई हेलाको दृष्टिले हेर्ने चलन रहेछ । तर भगवान् बुद्ध भने नारीलाई हेला होइन समानताको आँखाले हेर्नुपर्दछ भन्ने विचार राख्नु हुन्थ्यो । आधुनिक युगमा पनि नारीहरूले आफ्ना अधिकार र समानताको लागि संघर्ष नगरेका होइनन् । बुद्ध धर्ममा नारी पुरुषलाई समान स्थानमा राखिएको छ । भगवान् बुद्धले प्राणी जगतका लागि हित कल्याण र सुखका निम्ति नै नारी, पुरुष बीच समानता सृजना गर्न नारी र पुरुषलाई समान दर्जा, समान पद र समान स्थान दिनु भएको थियो । त्यसैले भगवान् बुद्धको शिक्षालाई आज विश्वले नै रुचाउने गरेका छन् ।

आज मानव जगतले उपेक्षा गर्दै आएको मानव अधिकार र प्रजातन्त्र वादी विचार भगवान् बुद्धको सिद्धान्त संग मेल खान्छ । बुद्ध धर्ममा जाति, वर्ग, लिङ्गको आधार मानिने होइन कि जसले दुःखबाट मुक्त हुने बाटो सहि ढङ्गले अपनाउँदछ त्यसलाई नै मान्यता दिइन्छ । यस धर्ममा सम्पूर्ण प्राणीलाई नै दुःखबाट मुक्त तुल्याउने उपाय छ ।

हुन त बुद्धकालिन समयमा पनि कट्टरवादी ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र आदि जातीय भेदभाव गरिने कारणले गर्दा मानविय धर्ममा निकै क्षति पुगेको थियो । नेपाल हिन्दु राष्ट्रमा रुमलिएको कारणले गर्दा यो देशलाई पनि पुरुष प्रधान देशका रूपमा मानिन्छ । त्यसैले घर परिवार, समाज, आर्थिक क्षेत्र, शैक्षिक क्षेत्रमा वा धार्मिक क्षेत्रमा पनि नारी जातीलाई त्यतिकै शोषण, दमन अन्याय, अत्याचार गर्ने प्रथा अझै पनि रहेकै छन् । प्रायः घर परिवारमा पनि पुरुषले जतिसुकै अकर्तब्य व्यवहार गरेतापनि नारीहरूले नै सहनु पर्ने । कुल परम्परा चलाउनलाई मात्र होइन आमा-बाबुको मृत्यु संस्कारको काजकृया गर्न पनि छोरा नभई नहुने अन्धविश्वासले जड् लिएको देखिन्छ । फेरि छोराबाट काजकृया गराउँदा मृत्युपछि स्वर्ग पाईन्छ वा मुक्ति पाईन्छ भन्ने अन्धविश्वासले गर्दा आमा-बाबुलाई छोरा नजन्माई नहुने र पुरुषहरूले एउटी स्वास्नीबाट छोरा पाएन भने दोश्रो, तेश्रो विवाह गरी छोरा नै जन्माउने प्रयास गर्ने गरेका छन् ।

अब यहाँ (बुद्ध कालिन महिलाहरू भाग दुई पुस्तकबाट, बन्धुल मल्लिका पे.नं. १२५-१३७ अनुसार)

छोरा नजन्माउने स्वास्नीलाई घरबाट निकाली यातना समेत दिइन्छ । यसरी निर्ममता पूर्वक दुःख कष्ट सहनु पर्ने नारीहरू बुद्धका पालामा पनि धेरै नै थिए ।

त्यस्तै कुशीनगरका बन्धुल सेनापतिले आफ्नी पत्नी मल्लिकाबाट सन्तान नजन्मंदा मल्लिकालाई माइति फर्काउने निधो गरे । उनी निराश भएर भगवान् बुद्ध समक्ष पुगी दुःख व्यक्त गरिन् । भगवान् बुद्धले भविष्यमा सन्तान प्राप्त हुने आश्वासन दिनु भयो । र उनी खुशी हुँदै फेरि आफ्नो पतिको घर फर्किन् ।

त्यसैले घर परिवारमा सुख शान्ति पूर्वक जिउन गृहस्थिहरूले गृही-विनयको शिक्षा अपनाउनु पर्छ । यस पुस्तकमा सबैलाई आ-आफ्नो कर्तव्य पालन गरी सुखपूर्वक

जीवन यापनगर्न सिकाइएको । कोहि कोहिले त घर परिवारमा स्त्री (पत्नी) लाई नम्र व्यवहार नगरी जुत्तालाई सरह व्यवहार गर्ने गर्दछन् । भगवान् बुद्धको सिद्धान्त अनुसार विवाह गरिसकेका पति वा पत्नीहरूले आफ्नो जीवन सुखमय पूर्वक जीउन एक आपसमा मित्र सरह व्यवहार गर्नु पर्दछ ।

बुद्ध शासन चिरस्थायी रहन पनि चार परिषदको आवश्यकता पर्छ । उदाहरणको लागि एउटा रथमा चार पांग्रा आवश्यक भए झैं बुद्ध शासनका लागि भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू गरी चारै परिषदहरू त्यतिकै आवश्यक हुन्छन ।

पहिले हाम्रो देशमा शिक्षाको अभावले गर्दा नारी जातिमा धेरै क्षति हुन पुगेका छन् । हुन त घर परिवारमा पनि पहिले आमा-बाबुले नै छोरा छोरीलाई समान अधिकार नदिने, छोरा छोरीलाई राम्ररी शिक्षा नदिलाउने जुनसुकै अवस्थामा छोरी जातिलाई दबाब गर्ने "तिमी छोरी हौ सहनु पर्छ ।" भन्ने जस्ता चलन थियो । शोषण सहनु पर्ने बाध्यता बच्चै बेला देखि छँदैछ । तर यस्ता असमान र कलुषित व्यवहारबाट अलगिगएर सम्पूर्ण प्राणीजनका लागि हित, सुख र कल्याण हुने ज्ञान फैलाउनु आवश्यक देखिन्छ ।

**नेपालको सन्दर्भमा–**

आजको २१ औं शताब्दिको आधुनिक युगमा हाम्रो देश नयाँ नेपाल बन्ने तरखरमा छ । यस सन्दर्भमा नारीलाई पनि पुरुष समान अधिकार दिलाउने प्रयास जारी रहेको कुरा हामी पत्र पत्रिका मार्फत बुझ्दै आइरहेकै छौं । आज हामी बीच शिक्षाको अभाव नरहेर वैज्ञानिक युगमा स्त्री पुरुष भन्दा केहि कम भएको देखिँदैन । पुरुषहरू डाक्टर, इन्जिनिएर भए झैं नारीहरू पनि डाक्टर, इन्जिनियर, साहित्यकार, विद्वान्, पण्डित भएका धेरै नै पाईन्छन् ।

भगवान् बुद्धको चार परिषदमा समान अधिकार दिलाउने क्रममा शिष्य भिक्षुहरू मध्ये ऋद्धिमा अग्रस्थान पाउने मोदगल्यायन भन्ते हुनुहुन्छ भने भिक्षुणीहरूमा उप्पलवण्णा भिक्षुणी ऋद्धिमा अग्र हुनुहुन्थ्यो । प्रज्ञामा एतदग्ग प्राप्त गर्ने भिक्षु सारिपुत्र भन्ते थिए भने भिक्षुणीहरूमा खेमा थिइन् । उपासकमा दातब्य दाता– अनातपिण्डिक महाजन हुन् भने, उपासिकामा दान दातब्य दाता बिशाखा महा उपासिका थिइन ।

भगवान् बुद्धको धर्म चिरस्थायी राख्न बुद्धघोष महास्थवीर भन्तेज्यूले परियत्ति धर्मका लागि योगदान दिनु भएको छ भने, कुमार काश्यप महास्थवीरज्यूले जेल सजाय समेत भोग्नु भएको थियो । श्रद्धेय धर्मचारी गुरुमांले त्यसबेलाको राणा कालीन शोषणबाट हार नमानी बुद्ध शासन जोगाउनु भएको थियो । भने त्यस्तै पूज्य धम्मवती गुरुमांले पनि आफ्नो देशमा बुद्धको ज्ञान सिक्ने अनुकूल वातावरण नभएकोले बर्मा देशमा गई जेल सजाय भोगी अनेकौं समस्या झेली बुद्ध धर्मको ज्ञान हासिल गर्नु भई नारी उत्थानका लागि धर्म ज्ञानको आँखा खोलि दिनुभयो ।

भगवान् बुद्धको पालामा अनाथपिण्डक महाजन दाता थियो भने आजको दाता द्रव्यमान सिंह तुलाधरलाई पनि त्यत्तिकै रूपमा निस्वार्थ महान दाताको रूपमा लिन सकिन्छ । उहाँले धर्मकीर्ति विहार पुन: निर्माण गर्नुका साथै अन्य विभिन्न विहारहरूमा पनि आवश्यक निर्माण कार्यहरूको थालनी गर्नुभई बुद्ध शासन चिरस्थायी गर्ने क्षेत्रमा उल्लेखनीय सहयोग गर्नुभएको छ । त्यस्तै श्रीमती नानी बेती शाक्य उपासिकाले पनि नेपालको बुद्ध धर्म उत्थानको लागि कयौं ठूलठूला उत्तम धार्मिक कार्यहरूमा र गुम्बा निर्माण कार्यहरूमा आर्थिक सहयोग गरी अग्रसर हुनु भएको छ ।

त्यसैले विश्वको विकास निर्माण गर्न तपाईं हामी सबैको त्यत्तिकै महत्व र आवश्यकता हुन्छ । भगवान् बुद्धले चार परिषद्मा जाति, वर्ग, लिङ्गलाई समान व्यवहार, दर्जा र अधिकार दिनु भए जस्तै सबैले यस बुद्ध शिक्षालाई अपनाउनु आवश्यकता छ । आज आफूमा भएको कलुषित भावनालाई त्यागेर सबै प्रति समान व्यवहार अपनाएर दु:खबाट मुक्त हुने ज्ञानको आँखा खोल्नु जरूरी छ । ■


May all sentient
being attain the highest state
of completeness
being on the foot steps of
Buddha
**Happy Vesak Festival 2552**
**BELTRON INTERNATIONAL**
***Computer & Electronics Engineers***
PO Box: 1064, Pratap Bhawan, Kantipath, Kathmandu, Nepal
Tel.: 4249684, 4249784, 4249984, 4249285, 2001134
Fax: 977-1-249059
e-mail: beltronix@bcd.wlink.com.np
url.....www.beltronix.com.np
OKI VICON RS invensys



Downloaded from http://www.dhamma.digital

# विपश्यना : एक परिचय

बैशाख पूर्णिमाको पावन दिनलाई प्रत्येक बौद्ध अनुयायीहरूले विशेषं पर्वको रूपमा भव्यतापूर्वक मनाउँदै आइरहेका छन् । भगवान बुद्धको जीवनमा तीन महत्वपूर्ण घटनाहरू जन्म, सम्बोधि लाभ र महापरिनिर्वाणको त्रिसंयोग जुटेको पवित्र दिवस यही बैशाख पूर्णिमा नै हो । यही पवित्र दिनको उपलक्ष्यमा सम्पूर्ण प्राणीहरूलाई सुख, शान्ति तथा मंगल कामना गर्दछु ।



अरणीतारा बज्राचार्य
गावहाल, ललितपुर

भगवान् बुद्धको मानविय हित, सुख र समृद्धिका लागि ४५ वर्षसम्म निरन्तर रूपमा गाउँ, नगर, निगमहरूमा लोक-चारिका गर्नु हुँदै अमृतमय धर्म प्रचार गर्नु भएको थियो । यस संसारको प्राकृतिक नियम जराधर्म, व्याधि धर्म र मरणधर्मको नियम दु:ख चक्रबाट सदाका निम्ति पूर्ण मुक्त हुन उहाँको दश पारमिता, दश उपपार मिता, दशपरमत्थपारमिताका साथै अदम्य उत्साह गरी पाँच वटा महात्याग गर्नु भई सर्वप्रथम आफु विमुक्त हुनु भयो । यहि विशुद्धी, विमुक्तिको बाटो अत्यन्त करूणापूर्वक आफ्नो जीवन भर अन्य प्राणीहरूको विमुक्तीको लागि धर्मका उपदेशहरू स-विस्तार प्रकाशित गर्नु भयो । यी उपदेशहरूका सार, शील, समाधि र प्रज्ञाको मार्ग अर्थात् आर्य अष्टाङ्गिक मार्गको अनुसरण र परिपालन गर्नु हो ।

मानिसको शील सम्पन्नतालाई उसको विकासको प्रथम चरणका रूपमा लिइन्छ र शारीरिक बाचिका क्रियाकलापहरूलाई सुसभ्य, सुसंस्कृत एवं संयमित तुल्याउनु शील सम्बन्धी शिक्षा हो । शीलको अभिप्राय हो नैतिक आचरण र व्यवहार शीलको आचरणबाट मानिसको व्यक्तित्वको विकास हुन्छ । शील भन्नाले साधारणतया गृहस्थ उपासक, उपासिकाहरूले पालन गर्नुपर्ने पञ्चशील हुन् । जब हाम्रो मनमा कसैको हत्या गर्ने, चोरी गर्ने, व्यभिचार गर्ने, असत्य, कठोर, चुग्ली, काम नलाग्ने कुरा गर्ने क्रोध, घृणा, दुर्भावना, वैरभाव जस्तो नकारात्मक भावना उत्पन्न हुन्छ । तब हामीहरू सर्वप्रथम स्वयं व्याकुल दु:खित हुन्छौं । यसै सन्दर्भमा भगवान बुद्धले आज्ञा गर्नु भएको छ ।

**पुब्बे हनति अत्तानं पच्छा हनति सो परे ।**

पहिले आफ्ना अहित वा'घात गरिसकेपछि मात्र उसले अरूको अहित गर्ने दुस्साहस गर्दछ । प्रत्येक मानिसहरू सुख र शान्तिपूर्वक जीवन व्यतीत गर्न चाहन्छन् । आफ्नो जीवन सुख र शान्तपूर्वक व्यतीत गर्नका लागि प्रथमत: आफैले शील र सदाचारपूर्ण जीवनयापन गर्नु पर्दछ ।

चित्तको एकाग्रता प्रत्येक कार्य सम्पादनका लागि आवश्यक छ । मन नियन्त्रणमा रहेमा नै हामी प्रत्येक कार्य कुशलताकासाथ सम्पन्न गर्न सक्दछौं । मन एकाग्र गर्नका लागि भगवान् बुद्धले चालिस प्रकारका अनुस्मृतिहरूको देशना गर्नु भएको छ । यी अनुस्मृतिहरू मध्ये आनापान स्मृति श्वास-प्रश्वासको निरिक्षणद्वारा चित्त स्थिर र शान्त तुल्याउने प्रचलित माध्यमको रूपमा रहि आएको छ । किनकी श्वास-प्रश्वास शरीरमा निरन्तर चलिरहने एउटा यस्तो प्रक्रिया हो, जो संग हाम्रो चित्तको गहिरो सम्बन्ध रहेको छ । श्वास-प्रश्वास मानसिक र भौतिक क्रियाकलाप सिक्काका दुई पाटा जस्तै हो । एकातिर मनमा उत्पन्न हुने विचार र भावनाहरू छन् भने अर्को तिर शरीरमा श्वास-प्रश्वास विद्यमान छ । मनमा कुनै किसिमको विकार उत्पन्न हुने वित्तिकै आफ्नो स्वाभाविक गति छोडेर श्वास अलि लामो र गहिरो भइदिन्छ । त्यस्तै, जति-जति चित्त शान्त र स्थिर हुन्छ, श्वास आफ्नो स्वाभाविक गति लिंदै सुक्ष्म-सुक्ष्म हुँदै जान्छ ।

चित्तलाई एकाग्र तुल्याउन सकेमा नै असीमित सुख र शान्तिको अनुभूति हुन्छ । चित्तको बाहिरी सतह शान्त हुन्छ, तापनि हाम्रो अन्तर्मनको गहिराईमा अझै सुषुप्त अवस्थामा अनुसय क्लेश, मनमा विकारहरू कायमै रहन्छन् । हामीलाई नयाँ भव (जन्म) दिन सक्ने संस्कारहरूको समूल उच्छेदन गर्नु वा निरोध गर्नु चित्तलाई निर्मल तुल्याउनु हो । सम्पूर्ण दु:खबाट पूर्णत: मुक्तिका लागि मनको क्लेश-राग, द्वेष र मोहलाई जरै देखि उखेल्ने बैज्ञानिक प्रक्रिया नै विपश्यना हो ।

अब प्रश्न उठ्दछ, विपश्यनाले राग, द्वेष र मोह जस्ता क्लेशलाई कसरी निर्मूल पार्दछ ? सामान्य तवरले

हेर्दा मानिसले आफ्नो दुःखका कारण जहिले पनि बाहिर देख्छ। जसले जहिले पनि बाहिरी घटना र व्यक्तिलाई दोष दिई त्यसमा परिवर्तन गर्ने प्रयास गर्दछ। भित्री सत्यताको अज्ञानताले गर्दा उसले यो कुरा पटक्कै बुझ्दैन कि आफ्नो दुःखको वास्तविक कारण आफूभित्र नै विद्यमान छ। आफ्नै अन्ध प्रतिक्रिया गर्ने स्वभावले गर्दा नै हामीलाई दुःखको अनुभूति हुन्छ।

उदाहरणका लागि आँखाले कुनै रूप देख्यो भने सोही विषयवस्तुको कारणले नै राग उत्पन्न भएको महसुस हुन्छ। यसको विपरित, यदि नराम्रो रूप देखेमा त्यही विषयवस्तुको कारणले नै द्वेष उत्पन्न भएको अनुभव हुन्छ। स्पर्शको कारण तृष्णा उत्पन्न भएको जस्तै हुन्छ। यथार्थमा स्पर्शको कारण अर्थात् इन्द्रियहरूमा बाहिरी विषयवस्तुहरूको स्पर्शबाट तृष्णा उत्पन्न हुने नभई यस विच हाम्रो यस साढे तीन हातको शरीर भित्र केही प्रक्रियाहरू हुन्छन। जस्तै - राम्रो रूप देख्ने बित्तिकै शरीर मा सुखद वेदना अनुभूति हुन्छ। त्यस्तै, नराम्रो रूप देख्दा दुःखद वेदना उत्पन्न हुन्छ।

**फस्स पच्चया बेदना**

स्पर्शको कारण वेदना उत्पन्न हुन्छ।

**बेदना पच्चया तण्हा**

वेदनाको कारण तृष्णा उत्पन्न हुन्छ। भनी भगवान् बुद्धले यथार्थता प्रकाशित गर्नु भयो। सुखद वेदना उत्पन्न हुने बित्तिकै राग उत्पन्न हुन्छ। त्यस्तै दुःखद वेदना उत्पन्न भएमा तत्क्षण नै द्वेष उत्पन्न हुन्छ।

विपश्यना साधनाले हामीलाई आफ्नो यस साढे तीन हातको काया (शरीर) मा निरन्तर उत्पन्न भईरहने वेदनालाई तटस्थ भावमा, साक्षी भावमा अनुभूत गरी आफ्नो चित्तलाई समतामा राख्न सिकाउँछ। वेदनाले अनित्य बोधको आधारमा हाम्रो चित्तलाई समतामा राखी चित्त परिशुद्ध गर्नु नै विपश्यना साधना हो। वेदना पच्चया तण्हाको विपरीत अब यस साधनाद्वारा भव मुक्त हुने प्रक्रिया

**वेदना पच्चया पञ्ञा**

वेदनाको आधारमा प्रज्ञा (अनित्य बोध) को अभ्यास गरिन्छ।

विपश्यना साधनाको जति गहिरिएर निरन्तर रूपमा अभ्यास गरिन्छ, उत्तिकै छिटो नकारात्मक भावनाहरू नाश भई सकारात्मक भावनामा वृद्धि हुन्छ। यसरी बिस्तारै हाम्रो मन विकारहरूबाट मुक्त भई विशुद्ध स्थितिमा आइपुग्छ। शुद्ध मन सर्वदा सबै प्राणीहरूप्रति मैत्री, करूणा, मुदिता र उपेक्षा गुणले भरिपूर्ण हुन्छ।

यस्तो अवस्था प्राप्त भएपछि जीवनको ढाँचामै परिवर्तन हुन थाल्छ। शरीर, वचन र मनको अरूको शान्ति भङ्ग हुने काम त्याग हुन्छ। एकाग्र र सन्तुलित, परि शुद्ध मन शान्त हुने मात्र होइन, यसले त अरूलाई समेत सुख र शान्तिपूर्वक बाँच्न सहयोग पुऱ्याउँछ। यस्ता व्यक्तिहरूको वरपरको वातावरण वास्तविक सुख र शान्तिले भरिएको हुन्छ।

हाल नेपालमा पनि शील, समाधि र प्रज्ञाको मार्ग, विमुक्तिको मार्गको अभ्यास, अनुशरण र परिपालन गर्न विपश्यना केन्द्रहरू निरन्तर रूपमा संचालन हुँदै आइरहेका छन्। बर्माका विश्व प्रसिद्ध ध्यान गुरु श्रद्धेय लेडी सयाडोको परम्परा अनुसार पूज्य गुरुजी एस.एन. गोयन्काको निर्देशन अनुसार हाल नेपालमा सातवटा विपश्यना केन्द्रहरू छन्–

**१) नेपाल विपश्यना केन्द्र, बुढानिलकण्ठ, काठमाडौं**
**२) धम्म जननी, लुम्बिनी**
**३) धम्म तराई, वीरगंज**
**४) धम्म विराट, विराटनगर**
**५) धम्म पोक्खरण, पोखरा**
**६) धम्म चितवन, चितवन**
**७) धम्म कित्ति, किर्तिपुर**

**१. नेपाल विपश्यना केन्द्र–**

काठमाडौं शिवपुरीमा यो केन्द्र अवस्थित रहेको छ। हाल २५४ जना साधक-साधिकाहरू ध्यान बस्ने व्यवस्थित धम्महलको निर्माण कार्य भइरहेको छ। प्रत्येक अंग्रेजी महिनाको १ देखि १२ तारिख र १४ देखि २५ तारिख सम्म १० दिवसीय शिविर निरन्तर रूपमा संचालन भईरहेको छ र साथ-साथै पुराना गम्भिर साधक-साधिकाहरूका लागि यहाँ एक दिवसीय, सतिपट्ठान, २० दिवसीय, ३०/४५ दिवसीय शिविरहरूको सेवा पनि निरन्तर प्रदान गर्दै आएको छ।

हाल एक दिवसीय शिविरको व्यवस्था निम्न स्थानहरूमा उपलब्ध छ।

**१) नेपाल विपश्यना केन्द्र–**

प्रत्येक अंग्रेजी महिना अनुसार अन्तिम शनिवार



Downloaded from http://www.dhamma.digital

२) **अक्षेश्वर महाविहार, पुल्चोक–**
नेपाली महिना अनुसार तेस्रो शनिवार

३) **युवक बौद्ध मण्डल, (YMBA) नेपाल, इटी टोल–**
नेपाली महिना अनुसार प्रत्येक महिनाको पहिलो शनिवार

४) **ज्योति भवन, जमल, काठमाडौं–**
प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार ।

५) **बालकुमारी, ललितपुर–**
प्रत्येक महिनाको अन्तिम शनिबार

६) **धम्म कित्ति, किर्तिपुर–**
प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार ।

७) **धम्म जननी, लुम्बिनी–**
प्रत्येक अंग्रेजी महिनाको 26th तारिखमा एक दिवशिय र 15th देखि 10 days Course

८) **धम्म पोक्खरण, पोखरा–**
प्रत्येक अंग्रेजी महिनाको अन्तिम शनिबार एक दिवशिय र प्रत्येक महिनाको 1st तारिख देखि 10 days Course

९) **धम्मचक्र विहार, बागबजार, काठमाडौं–**
प्रत्येक पूर्णिका दिन ।

१०) DAV School, **जावलाखेल, ललितपुर–**
समयानुकूल ।

यसका साथ विद्यालयका छात्र-छात्राहरूमा समेत असल आचरणको बीजारोपण गराउन समयानुकुल बाल शिविरहरूको पनि संचालन हुँदै आएको छ । यस ध्यान केन्द्रमा मात्र सिमित नहरी माथि उल्लेखित एक दिवसीय शिविर भईरहेको स्थानका अतिरिक्त माग अनुसार विभिन्न विद्यालयहरूमा समेत बाल ध्यान शिविरको संचालन गर्ने व्यवस्था मिलाइएको छ ।

बहुजन हित र बहुजन सुखका लागि विपश्यना केन्द्रहरू नि:स्वार्थ र निरन्तर रूपमा सेवा कार्यमा तल्लीन रहेका छन् । भगवान् बुद्धद्वारा निर्देशित आर्यअष्टाङ्गिक मार्ग सबैका लागि परम कल्याणकारी र सुखदायक छ । अत: हामी सबै यस कल्याणकारी, सुखप्रदायनी शील, समाधि र प्रज्ञाको मार्ग सेवन गरी आफ्ना चित्तका क्लेशहरू - राग, द्वेष र मोहलाई निर्मूल तुल्याई अमृतरूपी निर्वाण प्राप्त गर्न सक्षम होऔं । ■

भवतु सब्ब मंगल ।

## भिन्तुना ! भिन्तुना !! भिन्तुना !!!

■ घोषक शाक्य 'प्रदीप'
*थौबपुर टक्सार शाक्य समाज, यल*

भिन्तुना ! भिन्तुना !! भिन्तुना !!!
सकल नेपामिपिन्त भिन्तुना !
स्वाँया पुन्हीया लसताय्
दुनुगलंनिस्यें भिन्तुना !
जन्म जुल सिद्धार्थ कुमार थौयागु दिनस,
हीगु हे देया लुम्बिनी साल उद्यानस,
त्यागयाना बिज्यात फुक्कं राज्य सुख,
फुका छोयगु तातुना, दक्को प्राणीया दु:ख ।१॥
भिन्तुना ! भिन्तुना !! भिन्तुना !!!
सकल नेपामिपिन्त भिन्तुना !
स्वाँया पुन्हीया लसताय्
दुनुगलंनिस्से भिन्तुना !
लाना बिज्यात बोधिज्ञान न थौयागु हे दिनस,
बोधि सिमाया मुलस च्वँच्वं ध्यानयाना बोधिगयास;
थ्वीका संसार दु:ख, अनित्य, अनात्मया सार,
जुयाबिज्यात पुजायाये योग्यम्ह, महामानव गौतम बुद्ध ।२॥
भिन्तुना ! भिन्तुना !! भिन्तुना !!!
सकल धर्मोपासकपासिकापिन्त भिन्तुना !
स्वाँया पुन्हीया लसताय्
दुनुगलंनिस्यें भिन्तुना !
न्ह्याका बिज्यात न्हापागु पला: धर्मचक्र प्रवर्तन यायेत,
ध्याना बिज्यात दक्वसिबे न्हापां भारतया सारनाथस,
मैत्री, करूणा, मुदिता व अहिंसा, शान्तिया सन्देश,
कना: बिज्यात अनहे न्हापां, पञ्चभद्रवर्गीय सज्जनपिन्त ।३॥
भिन्तुना ! भिन्तुना !! भिन्तुना !!!
सकल जगतप्राणीपिन्त भिन्तुना !
स्वाँया पुन्हीया लसताय्
दुनुगलंनिस्यें भिन्तुना !
बिस्बयू न्ह्यँकमन चतुरार्य सत्यया सन्देश,
ह्यलाबिज्याज्यां अमृतरूपी धर्मोपदेश,
लाभयाना बिज्यात अनसं महापरिनिर्वाण,
जम्बुद्वीपया कुशीनगरस, सुकीर्तिस्थल पवित्र थाय् ।४॥
भिन्तुना ! भिन्तुना !! भिन्तुना !!!
सकल नेपामिपिन्त भिन्तुना !
स्वाँया पुन्हीया लसताय्
दुनुगलंनिस्यें भिन्तुना !

# शान्तिका महानायक तथागत गौतम बुद्ध

कृष्णकुमार प्रजापति
नगदेश, बुद्ध विहार

आजभन्दा २६३२ वर्षअघिको पुष्प पूर्णिमा (बैशाख पूर्णिमा) को दिनमा कपिलबस्तु नरेश शुद्धोदनका अग्रमहिषी रानी महामायादेवीको कोखबाट पावन शालोद्यान लुम्बिनीमा महामना बोधिसत्व सिद्धार्थ गौतमको जन्म भएको थियो। त्यो भनेको ई.पू. ६२३ को पुष्प पूर्णिमाको दिन थियो। अझ स्पष्टसित भन्ने हो भने थाई ज्योतिषी प्रमाण अनुसार महामना बोधिसत्व सिद्धार्थ गौतमको जन्म ई.पू. ६२३ को पुष्प पूर्णिमा शुक्रबार दिनको ठीक ११:०० बजे अति नै रमणीय शालोद्यान "लुम्बिनी" मा भएको थियो।

"हुने बिरूवाको चिल्लो पात" भनेझैं त्यसबेलाका अति नै नाम कहलिएका ज्योतिषीहरूले भविष्यवाणी गरे झैं र अझ राजज्योतिष कौण्डिण्यले भविष्यवाणी गरे जस्तै नै महामना बोधिसत्व सिद्धार्थ गौतमको जीवनमा मेल हुन पुग्यो र अन्ततः ई.पू. ५९४ को आषाढ पूर्णिमा सोमबारको रात्री समयमा गृहत्याग गरी "महाभिनिष्क्रमण" कार्य सु-सम्पन्न गरी २९ वर्षको उमेरमा सारा राजपाट त्याग गरी देशान्तर हुनुभयो र ६ वर्षको कठीन तपस्या पछि ई.पू. ५८८ को पुष्प पूर्णिमा बुधबार सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नुभयो र सम्बोधिलाभ गर्नुभयो। बुद्धगयामा यसरी बोधिसत्व सिद्धार्थ गौतमले पुष्प पूर्णिमा (बैशाख पूर्णिमा) को दिनमा अनुत्तर समयक सम्बुद्धत्व प्राप्त भएपछि आफूलाई सगौरब "बुद्ध" भएको घोषणा गर्नुभयो। सोही सालको पूर्णिमादेखि उक्त पूर्णिमालाई "बुद्ध पूर्णिमा" भनी लोकले त्यसको महिमा र गुण चर्चा गर्नथाल्यो। अतः त्यहाँदेखि नै बैशाख पूर्णिमा (पुष्प पूर्णिमा) लाई "बुद्ध पूर्णिमा" कहन थालियो, बुद्ध पूर्णिमाबाट प्रेरणा लिन थालियो।

सोहि सालको आषाढ पूर्णिमाको दिनमा तथागत सिद्धार्थ गौतम बुद्धले आफ्नो सेवामा रहनुभएका पञ्चभद्रवर्गीयहरूलाई सारनाथ, मृगदावन्क ऋषिपत्तनमा प्रथम धर्मचक्र प्रवर्तन सूत्रको धर्मोपदेश गर्नुभयो र सोही दिन शनिबार विद्वान कौण्डिन्यले त्यो सूत्रको अर्थ र मर्म बुझी बुद्ध शासनमा प्रवर्जित हुँदा भगवान् शास्ताले "एहि भिक्खु !" भनी तीनपल्ट उच्चारण गरी कौण्डिन्य जस्ता मेधावि शिष्यलाई भिक्खु दीक्षा दिई सर्वप्रथम प्रकाशन गर्नुभयो। यसरी "भिक्खुत्व" ग्रहण गरेको दिन शनिबार थियो। तत्पश्चात् क्रमैसित अन्य भिक्षुहरूलाई "एही भिक्खु" वाक्यबाट दीक्षित बनाई "पञ्चभद्रवर्गीय भिक्षु" भनी पालि साहित्यमा स्वर्णक्षरांकित भएको छ। यसर्थ बुद्धलाई "शास्ता" (गुरु) भन्न थालियो र आज पनि बुद्ध धर्मावलम्बी र अन्य सम्प्रदायले समेत गुरु पूर्णिमा भनी आषाढ पूर्णिमाको महत्व र महिमा उच्च भएको कथा व्यथा साक्षी छ। अतः बौद्ध जगतमा र पालि साहित्यमा बुद्ध पूर्णिमा र गुरु पूर्णिमाको बीच अन्योन्याश्रित सम्बन्ध छ र थियो पनि।

तत्पश्चात् सम्यक सम्बुद्धत्व प्राप्त गर्नुभएका महामना गौतम बुद्धले "चरत्थ भिक्खवे चारिकं बहुजन हिताय, बहुजन सुखाय" को सारलाई मूर्त रूप दिन र यसको अर्थ र मर्मलाई व्यवहारमा उतारी ४५ वर्षसम्म दुर्लभ सम्बोधि ज्ञानलाई देश देशान्तर, ग्राम ग्राम, निगम निगम स्थानान्तर भई प्रचार प्रसार गरी मानव मात्रको हितार्थ तथागत र भिक्षुसंघ समेत लागि पर्नुभएको पालि साहित्य र इतिहास साक्षी छ। भगवान् बुद्धले श्रमण परम्परा र संस्कृतिको थालनी गरी प्रतिस्थापित गरेको बुद्ध शासन आज पर्यन्त पनि जीवित भएको छ र हुनेछ पनि। ४५ वर्षसम्म धर्म प्रचार गरी अन्तमा भगवान् शास्ताले कुशीनगरमा ई.पू. ५४३ को बुद्ध पूर्णिमा मंगलबारको दिनमा यस धरतीबाट सदा सदाका लागि बिदा भई "अनुपादिशेष महापरिनिर्वाण" हासिल गर्नुभयो। यस भौतिक संसारमा तथागत शास्ता बुद्धले ८० वर्षसम्म विचरण गर्नुभई अनुपादिशेष महापरिनिर्वाण हुनुभएपछि अब हाम्रो सामू तथागत शास्ताले दिनुभएका अमृत वाणी, अमृत सन्देशको रूपमा ८४ हजार धर्म स्कन्धहरू अद्यावधि भएका छन्। त्यही नै वास्तवमा हाम्रा धर्म शास्ता हुन्। ती चौरासी हजार धर्म स्कन्धहरू सूत्र, विनय र अभिधर्म गरी "त्रि-पिटक" जस्ता धर्म भण्डारहरू हाम्रा सामू मौजूदा छन्। महापरिनिर्वाण हुनु अगावै धर्म भण्डागारिक श्रद्धेय आनन्द भन्तेको भगवान् शास्तासित बिन्ति बिसाउनुभएको सवाल अति सान्दर्भिक र महत्वको विषय भएको छ। उहाँ भगवान् शास्तासित सोध्नु हुन्छ– "भगवान् ! तथागतको महापरिनिर्वाण पश्चात् कसलाई उत्तराधिकारी या शास्ता मान्ने ?" तथागत जवाफ दिनुहुन्छ– "यस धर्म शासनमा तथागतले दिएको धर्मोपदेशहरू नै उत्तराधिकारी या शास्ता हुनेछन्।" भिक्षुहरू हो, सदा सजग भएर रहनु, सधैं होशियारी र अप्रमादी भईरहनु, "अप्पमादेन सम्पादेथ !" यो नै तथागतको मार्मिक र अन्तिम सन्देश थियो। भगवान् बुद्धका अजर अमर ८४ हजार धर्म स्कन्धयुक्त पालि त्रिपिटक



Downloaded from http://www.dhamma.digital

मित्र राष्ट्र बौद्ध मुलुकहरू थाईल्याण्ड, म्यानमार (बर्मा) र श्रीलंकामा शिलापाताहरू कुँदेर लिपिबद्ध गरेका थिए। भगवान् बुद्धको जन्मथलो, जन्मभूमि नेपालमा पनि पालि त्रिपिटकको नेपालभाषा र नेपाली भाषामा अनुवाद भई अध्ययन अध्यापनमा सुगमता प्रदान भई आएको छ। त्रिपिटकको सूत्र पिटकको अधिकांश ग्रन्थहरू नेपालभाषामा प्रकाशित भएको पनि सगौरवको विषय बन्न गएको छ। त्यसमध्ये पनि दीघ निकाय, मज्झिम निकाय र संयुक्त निकाय जस्ता भीमकाय ग्रन्थहरू एकै व्यक्तित्वले अनुवाद गरी स्वयं अनुवादककै सपरिवार प्रकाशक भई आर्थिक भार समेत बहन गर्नु चानचुने कुरो होईन। विशाल हृदय, अगाध आस्थाका धनी व्यक्तित्व, लगनशील, कर्मशील र श्रमवीर व्यक्तित्व भनेको नै बौद्ध विद्वान श्री दुण्डबहादुर बज्राचार्य र उहाँको सहृदयी परिवार हो। उल्लेखित तीन निकाय नेपालभाषामा अनुदीत भईसकेका थिए भने दीघ निकाय र मज्झिम निकाय पुन: नेपालीभाषामा समेत अनुदित भई प्रकाशनमा आईसकेका छन्। त्यस्ता व्यक्तित्व र परिवारप्रति भावपूर्ण साधुवाद व्यक्त गर्दछु। त्यस्तै गरी बौद्ध विद्वान धर्मरत्न त्रिशुली, बौद्ध विद्वान एवं इतिहासविद् भुवनलाल प्रधान, श्रद्धेय भिक्षु बोधिसेन र ज्ञानपूर्णिक महास्थविरज्यू, जो हालै म्यानमार सरकारबाट "अग्ग महासद्धम जोतिकधज" पदवीबाट समेत सम्मानित व्यक्तित्व हुनुहुन्छ, हरूप्रति सूत्रपिटकको अन्य ग्रन्थहरू भाषानुवाद गरी प्रकाशनमा योगदान गर्नुभएकोमा नतमस्तक भई उहाँहरूप्रति साधुवाद अर्पण गर्दछु। यस्ता पुनित कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्बन्धित पक्षहरू र व्यक्तिहरूप्रति सधन्यवाद व्यक्त गर्दछु।

भगवान् बुद्ध प्रकृतिप्रेमी भन्ने कुरो उहाँको जीवनी अध्ययन गरेपछि थाहा हुन्छ। उहाँका जन्म बोधिसत्व सिद्धार्थ गौतमको रूपमा रमणीय शालोद्यान लुम्बिनीमा (वनमा) खुल्ला आकाशमा भएको थियो भने २९ वर्षको उमेरमा महाभिनिष्क्रमण गरी ६ वर्ष देशान्तर, वनान्तर भई बुद्धगया (बोधिगया) मा बोधिवृक्ष मुनि खुल्ला आकाश (धरति) मा नै अनुत्तर सम्यक सम्बुद्धत्व (सम्बोधिलाभ) प्राप्त गर्नुभएको थियो। त्यस्तै गरी भगवान् बुद्धले ४५ वर्षको धर्म चारिका पश्चात् ८० वर्षको पूर्ण उमेरमा महान पूण्यभूमि कुशीनगरको खुल्ला आकाशको द्वय शाल वृक्षको बीचमा बुद्ध पूर्णिमाको दिनमा अनुपादिशेष महा-परिनिर्वाण हासिल गर्नुभएको थियो। प्रकृतिमै जन्मनुभयो, प्रकृतिमै हुर्कनुभयो र प्रकृतिमै मरण हुनुभएको थियो। यसरी प्रकृतिमै विचरण गर्नुभई तथागतले प्रकृतिसित आवद्ध धर्मको खोज गर्नुभयो, त्यही खोजकै क्रममा बुद्धले प्राप्त गर्नुभएको सम्बोधि लाभ नै वास्तवमा "चत्तु आर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग (Four Noble Truths & Noble Eight fold Paths)" हुन् र भिक्षुहरूलाई धर्मोपदेश गर्नुभएको सूत्र नै "धम्मचक्कप्पवत्तन सुत्त" र "पटिच्च समुप्पाद सुत्त" हुन्। यी दुवैबीच पनि अन्योयाश्रित सम्बन्ध छ। यी दुई सूत्रलाई पुष्ट्याई गर्ने अर्को सूत्र हो "अनत्त लक्खण सुत्त।"

बुद्ध पूर्णिमाबाट प्रेरणा लिऔं ! यो आजको मानवीय नारा हुनुपर्दछ। भगवान् बुद्धको जीवनमा बैशाख पूर्णिमाका तीनवटा महान संयोगहरू जुरेका थिए। उहाँका जन्म, सम्बोधिलाभ र महापरिनिर्वाण जस्ता परिघटनाहरू बैशाख पूर्णिमाकै दिनमा भएका थिए। बोधिसत्व सिद्धार्थ गौतमको रूपमा यस धरतीमा पदार्पण हुँदा देवलोकबाट पुष्पवृष्टि भएको "पुष्प पूर्णिमा" (स्वाँ:या पुन्ही) र सिद्धार्थ गौतमले ३५ वर्षको उमेरमा बोधगयाको बोधिवृक्षमुनि तपस्या गर्दा त्यही बैशाख पूर्णिमाको दिनमा "सम्यक सम्बुद्धत्व" हासिल गर्नुहुँदाखेरी पनि बैशाख पूर्णिमाको संयोग परेको थियो। अत: उल्लेखित बुद्ध पूर्णिमाको दिनमा त्रिवेणी संगम परेको थियो, तथागत बुद्धको जीवनमा जन्म, सम्बोधिलाभ एवं महापरिनिर्वाण जस्ता महानतम पावन परिघट्नाद्वारा।

बुद्ध पूर्णिमाको परिघट्नाबाट प्रेरणा लिने भनेको भगवान् बुद्धको उपदेशबाट लाभान्वित हुनु पनि हो। बुद्ध पूर्णिमाको महिमा र गरिमा भनेकै भगवान् बुद्धले दिनुभएको महत्वपूर्ण उपदेशहरू हुन्। भगवान् बुद्धले दिनुभएका महत्वपूर्ण उपदेशहरू हुन्। भगवान् बुद्धले दिनुभएका उपदेशका साराँश भनेकै अनित्य, दु:ख र अनात्म हुन्, शील, समाधि र प्रज्ञारूपी मार्गदर्शनहरू हुन्, चार आर्य सत्य र आर्य अष्टाङ्गिक मार्गहरू हुन्। प्रतित्य समुत्पादको सिद्धान्तहरूको मर्महरू बुझी सम्यक दृष्टि अपनाई सम्यक जीवन यापन गर्नु नै उक्त पावन दिनबाट प्रेरणा लिइएको ठहर्छ। यस्तै पावन घट्ना र परिवेशलाई आफ्नो जीवनमा लागू गर्ने यसपालीको २५५२ औं पावन बुद्ध पुण्यतिथिबाट प्रेरणा मिलोस् ! यही नै हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु। सिद्धार्थ गौतमले अनुत्तर सम्यक सम्बुद्धत्व प्राप्त गर्नुभएको २५९७ औं बुद्ध पूर्णिमाको महानतम घडीमा समस्त विश्वमा शान्ति छाओस्, शान्तिले बास गरोस्। यही नै श्रद्धा सुमनका साथ हार्दिक शुभेच्छा व्यक्त गर्दछु। ■

**"दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखेर सबै काँप्तछन्, त्यसकारण आफूझैं सम्झी प्राणीलाई हिंसा नगर्नु नगराउनु।" – धम्मपद**

# देव, मानव र दानव

**▩ नरेन्द्रनाथ भट्टराई ▩**

देव, मानव र दानव यी तीन अवस्थालाई गुणको हिसाबले सत्त्व, रज र तमबाट पनि हेर्न सकिन्छ। स्वर्गमा बस्ने देवता, पृथ्वीमा मानव र पातालमा बस्ने दानव होइनन् । वास्तवमा हाम्रो शरीर र मन नै विभिन्न लोक हुन् । मानिसका गुण, अवस्था र धारणाको यही शरीर र मन कहिले स्वर्ग हुन्छ, कहिले मर्त्य र कहिले नर्क बन्दछ। हामीले यही शरीर र मनबाट नै देवत्वको, मानवताको र दानवताको स्वाद लिन्छौं।

स्वर्ग, मर्त्य, पाताल तीन लोक कहाँ छन् र त्यहाँ बस्ने देव, मानव र दानव कस्ता हुन्छन् ? भनी एकजना जिज्ञासुले एकजना महात्मालाई प्रश्न गरेछन् । ती महात्मा मसानघाटको निर्जन जंगलमा बस्नुहुन्थ्यो। महात्माले भन्नुभयो, "यी तीनै लोक आफैभित्र तिमीले बोकेर हिँडिरहेछौं। आकाश, पाताल चहार्नु पर्दैन राम्ररी आफूभित्र हेर, स्वर्ग, मर्त्य र पाताल त्यहीं पाउने छौं।" यो कुरा त मैले बुझ्न सकिनँ, दृष्टान्त दिएर आज्ञा भए हुन्थ्यो, भनी जिज्ञासुले बिन्ती गरे। त्यसैबखत नजिकको गाउँबाट मुर्दा मसानतिर बोकी लैजाँदै थिए, त्यो मुर्दालाई देखाएर महात्माले जिज्ञासुलाई, "त्यो मुर्दा मर्नुभन्दा अगाडिसम्म स्वर्गमा थियो कि नर्कमा थियो त्यो कुरा र अब मरिसकेपछि पनि कहाँ जान्छ बताउन सक्छौ ?" भन्नुभयो । "कसरी सकिन्छ र, म त सक्तिनँ हजुर" भनी जिज्ञासुले भने। अनि एकजना शिष्यलाई त्यही प्रश्न सोध्नुभयो । शिष्यले, "हजुर, बुझेर आएर म एकैछिनपछि बताउन सक्छु" भने त्यहाँबाट बाहिर गए र एकैछिनमा फर्केर "त्यो मर्ने सज्जन बाँचुन्जेल पनि स्वर्गमै थिए र अब पनि स्वर्गमै गएका रहेछन्" भने। यति कुरा भन्दै थिए अर्को मुर्दा लगेको देखियो। महात्माले फेरि त्यो शिष्यलाई, "यो मर्ने मानिस कहाँ थियो र कहाँ जाँदैछ ?" भनी सोध्नु हुँदा ती चेलाले फेरि बाहिर निक्लिएर एकैछिनमा फर्केर आई भने, "हजुर, यी मर्ने मर्त्यलोकमै थिए र मर्त्यलोकमै गएका रहेछन्" भने । त्यसैबखत फेरि अर्को मुर्दा लगेको देखियो। महात्माले उही प्रश्न गर्नुभयो । चेलाले फेरि त्यसैगरी आएर जवाफ दिए, "ती व्यक्ति नर्कमै थिए र नर्कमै गए" भनी जवाफ दिए । यस्ता कुरा सुन्दा ती जिज्ञासुले आश्चर्य मानेर "कसरी थाहा हुन्छ यस्तो कुरा" भनी सोधे। महात्माले शिष्यलाई "बताई देउ त" भन्नुहुँदा शिष्यले भने, "हे सज्जन ! हेर्नुहोस्, म तीनैपटक बाहिर गएँ, यी मर्ने मानिसका गाउँमा गएर त्यहाँका मानिसको अवस्था हेरैं, मरेका ती मानिसका बारेमा तिनीहरूले गरेका कुरा सुनें। पहिलो मर्ने व्यक्तिको गाउँका मानिसहरू सबै शोक मनाइरहेका थिए, "यस्ता देवताजस्ता मानिस गए हामीलाई टुहुरो पारेर !" भनी रोइरहेका थिए। सबैनै त्यहाँ शोकसन्तप्त थिएँ। दोस्रो मानिसको बारेमा खास चर्चा केही पाइएन। तेस्रो व्यक्तिको गाउँ घरका हरव्यक्ति खुसी र आनन्दित थिए । ठाउँ ठाउँमा यस्तो कुरा गरेको पनि सुनें, 'यो दुष्टबाट बल्ल छुट्कारा दिलायो भगवान्ले ।' "त्यस मृत व्यक्तिले जीवनकालमा अरूलाई दिएका दुःख र पीडा बारेका चर्चा पनि अनेक सुनें। यसैबाट स्पष्ट भयो कि यी कहाँ थिए र कहाँ गए भनेर।

यसरी हरव्यक्तिले तीनैलोक साथै लिएको हुन्छ । उपकार भावनाले स्वर्ग, स्वार्थको भावनाले मर्त्य र हिंसाको भावनाले नर्कको वास हुन्छ । यसैगरी राम्रो भावना लिने मानिस सदा देव बनेर यहीं स्वर्गमा रहन्छ, मिश्रित भावनावाला संसारको सुख दुःख भोगमा पर्दै मर्त्यलोकमा बस्छ अनि षडयन्त्र, परपीडा, भ्रष्टाचार, शोषण, अन्याय गर्ने मानिस सदा दानव बनेर नर्कमै बस्दछ। ■

*मानिस तीन प्रकारका हुन्छन् : मूर्ख, बुद्धिमान र प्राज्ञ । जो बारम्बार परिरहँदा पनि चेत्दैन त्यस्तालाई मूर्ख भनिन्छ, जो एकपटक परेर चेत्दछ र फेरि त्यो गल्ती दोहोऱ्याउँदैन त्यस्तालाई बुद्धिमान भनिन्छ तथा जो अरूलाई परेको देखेर नै चेत्दछ त्यस्तालाई प्राज्ञ भनिन्छ ।*

*साभार- परमात्माको दर्शन (चिन्तनद्वारा)*



Downloaded from http://www.dhamma.digital

# योग अभ्यास विधि – भाग ३७

## के हो 'रेकी' उपचार ?



रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. गोपाल प्रधान

गत अङ्कमा तपाईंहरूलाई के हो रेकी उपचार ? पद्धति अन्तर्गत शरीरलाई अति आवश्यक भिटामिन तत्वहरू र गर्मी मौसममा ताजा फलफूलको फलफूलको रस प्रयोग गर्नाले सदैव स्वस्थ रहन र दिर्घायु प्राप्त गर्न के कस्तो मद्दत गर्छ भन्ने बारे जानकारी प्रस्तुत गरेको थिएँ । सोही अनुरूप यस अंकमा भिटामिन सी बाट हाम्रो शरीरलाई के कति स्वस्थ रहन मद्दत गर्दछ भन्ने बारे जानकारी प्रस्तुत गर्न लागेको छु ।

